# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ६, अङ्क ३, पूर्णाङ्क २३६ | २०७७ साउन २८ गते बुधबार | Wednesday, 12 Aug 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाद्वारा सहिद लखनको स्मृतिमा चौतारो निर्माण

नेपाल कम्युनिस्ट पार्टी परिवर्तन गाउँ समिति रोल्पाले जनयुद्धको समयमा जनमुक्ति सेनाका तत्कालीन कम्पनी कमान्डर सहिद रूपलाल ओली 'लखन क्षेत्री' स्मृतिमा परिवर्तन गाउँपालिका वडा नं ३ हाइबाङमा निर्मित स्मारक चौतारी भव्य समारोहका बीच उद्घाटन गरेको छ। लखन क्षेत्रीले धादिङको कृष्णभीरमा सहादत प्राप्त गरेका थिए।

स्मारक उद्घाटन कार्यक्रम नेकपा परिवर्तन गाउँ समितिका सेक्रेटरी महेशको अध्यक्षता, नेपाल कम्युनिस्ट पार्टी रोल्पाका सेक्रेटरी दिनेशविक्रम चन्द 'मानव' को प्रमुख आतिथ्य, नेकपा रोल्पाका सल्लाहकार गणेश, सहिद परिवारका केन्द्रीय सदस्य प्रज्वल, युवा सङ्गठन नेपाल परिवर्तन गाउँ समिति अध्यक्ष एवम् युवा सङ्गठन नेपाल रोल्पा जिल्ला सदस्य सुरेन्द्र, परिवर्तन गाउँपालिका ३ का अध्यक्ष झपिराम डाँगी, सहिद लखनका बुबा कमलप्रसाद ओली, सहिद नेपबहादुर ओली 'परिवर्तन' की

... बाँकी पृष्ठ ७ मा

# ठूलाबडाहरूकै वरिपरि पुग्यो कोरोना

## एकै दिन ६३८ जना सङ्क्रमित, ८२ जनाको मृत्यु

■ **रातोखबर संवाददाता**/काठमाडौं

चीनको वुहानबाट फैलिएको भनिएको कोरोना भाइरस विश्व भ्रमण गरेर नेपाल प्रवेश गरेसँगै नेपाल उच्च जोखिममा रहेको छ। कोरोना भाइरस नियन्त्रण र रोकथामबारे सरकारले चालेको अव्यावहारिक कदमका कारण कोरोना निकै छोटो समयमै देशका ७७ जिल्लासम्म फैलियो । यो विवरण तयार पार्दासम्म नेपालमा कोरोना भाइरसका कारण ८२ जनाको मृत्यु भैसकेको छ भने मङ्गलबार नेपालमा थप ६३८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १० हजार ५ सय ६२ जनाको परीक्षण गर्दा ६३८ जना सङ्क्रमित भेटिएका हुन्।

मन्त्रालयका अनुसार कोरोना भाइरसको कुल सङ्क्रमित सङ्ख्या २३ हजार ९ सय ४८ जना पुगेको छ। यो समयमा कोरोनालाई पराजित गर्नेको सङ्ख्या पनि १६ हजार ४९३ छ। अहिलेसम्म चार लाख ५२ हजारभन्दा बढीको परीक्षण गरिएको र अझै ४ लाख परीक्षण गर्ने तयारी रहेको सरकारी दाबी छ।

जम्मा परीक्षण, सङ्क्रमित, निको भएका र मृत्यु भएको तथ्याङ्क मिलाउने हो भने नेपालमा ५ प्रतिशत कोरोना सङ्क्रमण भएको सरकारी अधिकारीहरूको भनाइ छ। यस्तै विश्वमा कोरोना सङ्क्रमितको सङ्ख्या २ करोडभन्दा बढी पुगेको छ भने मृत्यु हुनेको सङ्ख्या साढे ७ लाख नाघेको छ।




यता जनस्वास्थ्य विज्ञहरूले भने नेपालमा कोरोनाको दोस्रो लहर फैलिएको र यो देशका विभिन्न ठाउँमा समुदायमा फैलिइसकेको भन्दै चिन्ता व्यक्त गरेका छन्। उनीहरूले कोरोना वुहान, इटाली, अमेरिका र भारतकै गतिमा सङ्क्रमण भएमा र गम्भीर हुनेको दर बढेको खण्डमा नेपालको जनस्वास्थ्य प्रणाली निकै प्रभावित हुने चेतावनी दिएका छन्। यति बेलासम्म काठमाडौं उपत्यका, पर्साको वीरगन्ज, बाँकेको नेपालगन्ज, नुवाकोट, धुनषा, हेटौंडालगायत क्षेत्रहरू कोरोनाको हटस्पटका रूपमा देखापरेका छन्। निकै ठूलो जनसङ्ख्या र देशका विभिन्न ठाउँ, भारत र वैदेशिक रोजगारीबाट आउनेहरूको केन्द्र पनि काठमाडौं नै भएका कारण काठमाडौं अहिले 'रेड जोन' मा परेको छ। सरकारले आधिकारिक तवरले घोषणा नगरे पनि कोरोना काठमाडौंमा समुदायमा पुगिसकेको छ।

यसैबीच राजनीतिक दलका नेता र सरकारी मन्त्रीहरू कोरोनाको उच्च जोखिममा रहेको पाइएको छ। विभिन्न ठाउँमा मन्त्री र सरकारी पार्टीका नेताहरूको सुरक्षामा रहने सुरक्षाकर्मीहरूमा सङ्क्रमण भेटिएपछि नेताहरूको वरिपरि कोरोना घुमिरहेको पाइएको छ। यसअघि सरकारी नेकपाका अध्यक्ष पुष्पकमल दाहालको सुरक्षामा खटिएका ६ जना प्रहरीमा सङ्क्रमण भेटिएको थियो थियो भने नेकपाका महासचिव विष्णु पौडेलको

... बाँकी पृष्ठ ७ मा

## देश कोरोनाले अस्तव्यस्त, सरकारको ध्यान भने नेकपातिर

**काठमाडौं** : कोरोना रोकथाम र नियन्त्रणमा उदासीन र असफल रहेको सरकार प्रभावकारी नीतिनियम निर्माण तथा कार्यान्वयनका पक्षमा असफल देखिएको छ। सरकारको कदम प्रभावकारी नभएकै कारण खरायो गतिमा कोरोना सङ्क्रमण फैलिरहेको छ भने सरकार कछुवा गतिमा पछिपछि हिँडिरहेको छ।

तर केपी वली नेतृत्वको सरकार भने कोरोनासँगभन्दा विप्लव नेतृत्वको नेकपासँग डराएको छ। नेकपाले लिएको राजनीतिक आस्था र राजनीतिक-वैचारिक कार्यदिशासँग डराएको सरकार नेकपालाई दमन

... बाँकी पृष्ठ ७ मा

## मेडिकल माफियाका ज्यादतीविरुद्ध चिकित्सा शिक्षा सङ्घर्ष समितिको चेतावनी

चिकित्सा शिक्षा सङ्घर्ष समितिले कोरोना महामारीको जटिल परिस्थितिमा पनि मेडिकल कलेजका मालिकहरूले विद्यार्थीहरू र अभिभावकहरूलाई फोन गरी पैसा माग्ने र धम्की दिनेजस्ता घृणित कार्य गरेको भन्दै यसप्रकारको कार्यमा सङ्घर्ष समितिको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। समितिका संयोजक प्रकाश चन्द र प्रवक्ता नरेश भट्टले सङ्र्ष

... बाँकी पृष्ठ ७ मा

## जगगा प्राप्त नहुँदै ठेक्का, कमिसनको दाउ




■ **भिमप्रसाद चापागाईं**/काठमाडौं

**काठमाडौं** : राष्ट्रिय गौरवका आयोजनाहरूको ठेक्का आयोजना अलपत्र पार्ने प्रवृत्ति बढेपछि अख्तियार,महालेखार सार्वजनिक खरिद नियमावलीले पनि आयोजनाका नाममा लालपुर्जा नभएसम्म ठेक्का दिन रोक लगाएको छ। यस्तै राष्ट्रिय गौरवकै आयोजनाअन्तर्गत जयनगर-जनकपुर-बर्दिबास रेलमार्गको कुल ६९ किलोमिटरमध्ये अन्तिम १७ किलोमिटरमा जग्गा प्राप्तिको समस्या अझै समाधान हुनसकेको छैन।

... बाँकी पृष्ठ ७ मा

## नेकपाका नेता ओमप्रकाश पुन कारागार चलान

■ **झनक श्रेष्ठ**/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो इन्चार्ज ओमप्रकाश पुन 'निर्माण' लाई कारागार चलान गरिएको छ। जिल्ला अदालत कैलालीले ५० हजार धरौटी खुलाएको भए पनि प्रहरीले पुनः गिरफ्तार गर्ने तयारी गरेपछि उनी धरौटी नबुझाएरै कारागार चलान भएका हुन्।

जिल्ला अदालत कैलालीमा सोमबार न्यायाधीश जयानन्द पनेरूको एकल इजलासले उनलाई ५० हजार धरौटीमा रिहा गर्न आदेश दिएको थियो। अदालत परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेकपाका नेता पुनले बाहिर पुनः गिरफ्तारीका लागि प्रहरी तैनाथ भएका कारण कारागार गएको बताए। उनलाई कैलालीको फूलबारीबाट असार ३१ गते प्रहरीले गिरफ्तार गरेको थियो।

उनीसँगै गिरफ्तारीमा परेकी उनकी श्रीमती अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी सेती-महाकाली संयोजक पूर्णिमा धामीलाई भने सामान्य तारिखमा रिहा गरिएको छ।

## बारले भन्यो– प्रधानन्यायाधीश राणाको भूमिका ठीक भएन

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

नेपाल बार एसोसिएसनले न्यायपालिकाभित्रको कार्य सम्पादनका लागि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको भूमिका सन्तोषजनक नभएको बताएको छ।

सोमबार पत्रकार सम्मेलन गर्दै बार एसोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले प्रधानन्यायाधीश राणाको न्याय सम्पादनको कार्य व्यावहारिक नभएको बताएका हुन्। पदबहाली हुँदाको समयमा राणाले न्यायपालिकाभित्रको विकृति-विसङ्गति हटाउँछु भनेर प्रतिबद्धता जनाए पनि प्रधानन्यायाधीशले आफ्नै प्रतिबद्धता र जनअपेक्षाअनुसार काम नगरेको उनले बताए। न्यायाधीश नियुक्तिमै कमजोरी भएको भन्दै अध्यक्ष श्रेष्ठले भने, 'न्यायालयको अनुगमन-नियमन गर्ने न्यायपरिषद्ले नै ठीक ढङ्गले काम गरेको देखिएन।'

नेपाल बार एसोसिएसनले न्याय सम्पादनमा भएका विकृति-विसङ्गति हटाउन भन्दै प्रधानन्यायाधीशसमक्ष विभिन्न १७ बुँदे मागसहितको पत्र बुझाएको छ। उच्च तथा सर्वोच्च अदालतमा नियुक्त भएका केही न्यायाधीशहरूमा पदअनुकूलको अनुभव तथा ज्ञानको अभाव रहेको गुनासो आएको भन्दै बारले त्यस्ता न्यायाधीश पहिचान गरी न्यायपरिषद्मा हाजिर गराई लामो अवधिको प्रशिक्षण, तालिम र अध्ययनको व्यवस्था गर्न सुझाव दिएको छ।

अदालतका आदेश, फैसलाहरूको कार्यान्वयन तत्काल गर्न, अदालतमा राष्ट्रिय

... बाँकी पृष्ठ ७ मा

## राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष खान जनयुद्धविरोधी एनजीओकर्मीहरूको दौडधुप !

■ **आशीष कुमार चौधरी**/काठमाडौं

**काठमाडौं** : राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षमा मानवअधिकारविरोधी एनजीओकर्मीलाई सुटुक्क ल्याउन लागिएको समाचार विशेष स्रोतबाट रातो खबरलाई प्राप्त भएको छ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माको कार्यकाल सकिन दुई महिनाभन्दा पनि कम समय बाँकी रहँदा आयोगको नेतृत्व हत्याउन जनयुद्धविरोधी एनजीओकर्मीहरूको दौडधुप सुरु भएको समाचार प्राप्त भएको हो।

अध्यक्षका लागि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र र इन्सेकनामक गैरसरकारी संस्थाका सञ्चालक रहेका एमालेका नेता तथा राष्ट्रपति विद्या भण्डारीका सल्लाहकारबाट केही समयअघि मात्रै राजीनामा दिएका सुशील प्याकुरेल अग्रपङ्क्तिमा रहेको स्रोतको दाबी छ।

प्याकुरेलको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नामक एनजीओले विगतदेखि नै जनुयद्धविरोधी घटना तथा मुद्दाहरूको पैरवी गर्ने, भित्रभित्रै शान्तिप्रक्रिया भाँड्ने र युद्ध भड्काउने, दैलेखका डेकेन्द्र थापाको विषय, गोरखाको फुजेल घटना, तत्कालीन माओवादीविरुद्धका घटनाहरूको बढाइचढाइ गर्दै एसिया फाउन्डेसनले जस्तै अमेरिकी अनुदान लिई अन्तर्राष्ट्रिय समुदायमा क्रान्तिकारीहरूका विरुद्ध भ्रम छर्ने कार्य गर्दै आएको पनि प्राप्त समाचारमा जनाइएको छ।

प्याकुरेलले आफू आफ्नो एनजीओमार्फत महाराजगन्जको भैरवनाथ गणबाट बेपत्ता बनाइएका ४७ जना तत्कालीन

... बाँकी पृष्ठ ७ मा

## कम्युनिस्ट आन्दोलनका चुनौती र हाम्रो कार्यभार

**देश/परिवेश**

■ सन्तोष बुढामगर



आज संसारभर सङ्घर्ष चलिरहेको छ। साम्राज्यवादको अन्यायपूर्ण युद्धका विरुद्ध उत्पीडित वर्ग र समुदायको प्रतिरोध सङ्घर्ष जारी छ। जुनसुकै रूपमा भए पनि आजका सङ्घर्षहरूको केन्द्रबिन्दु क्रान्ति र प्रतिक्रान्ति तथा साम्यवादी विचार र पुँजीवादी विचारका बीचमा छ। विगत केही शताब्दीयता पुँजीवाद र साम्यवादबीच सत्ता खोसाखोस हुँदै आएको छ। यो सत्तासङ्घर्षमा अभिव्यक्त हुँदै आएको छ। पुँजीवादले तेस्रो शताब्दी पार गर्दैगर्दा सर्वहारा वर्गले पुँजीवादबाट सत्ता खोसे। धेरै देशहरूमा साम्यवादी सत्ताहरू स्थापना भए। पेरिस कम्युनबाट सुरु भएको साम्यवादी सत्ता स्थापना अभियान सोभियत समाजवाद हुँदै चीन, कोरिया, क्युबा, भियतनाम, लाओस, कम्बोडियादेखि आजसम्म आउँदा विश्वमा साम्यवादी सत्ता उदाउँदै-अस्ताउँदै आउने क्रम जारी छ। अहिले पनि कतिपय देशहरूमा कम्युनिस्ट सत्ता छ। कतिपयमा पुँजीवाद फर्किएको छ। कतिपयमा क्रान्ति जारी छ। कतिपयमा प्रतिधक्का बेहोरेको अवस्था छ। यी क्रान्ति र प्रतिक्रान्ति, सत्ता-खोसाखोस र लुछाचुँडीका बीच कम्युनिस्ट आन्दोलन गुज्रेको छ। कम्युनिस्टहरूलाई अझै पूर्ण सफलतामा पुग्न केही अप्ठ्याराहरू पार गर्नुपर्ने छ। यसबेला क्रान्तिका अगाडि केही चुनौती र केही कार्यभारहरू थपिएका छन्। यस विषयमा केही चर्चा गरौं।

पुँजीवादी-साम्राज्यवादीहरूले कम्युनिस्टहरूमाथि चौतर्फी हमला गरिरहेका छन्। पुँजीवादी 'थिङ्कट्याङ्कहरू' (पुँजीवादका मस्तिष्क मानिने पुँजीवादी लेखकहरू) 'इतिहासको अन्त्य भयो, साम्यवादको मृत्यु भयो, मार्क्सवादको औचित्य सकियो ....' जस्ता हल्ला रहेका छन्। यो सत्य होइन, बरु मार्क्सवादको अनिवार्य, औचित्य र आवश्यकता अरू बढेर गएको छ। साम्यवाद मानवसमाजको नवीनतम् सिद्धान्त हो। मानवइतिहासमा नवीन इतिहासको सुरुआत भएको छ। साम्यवाद जन्मिरहेको छ किनकि समाजवाद पुँजीवादको गर्भबाट जन्मन्छ। आजको पुँजीवादले समाजवादका केही आधारभूत मान्यताहरू लागू गरेर मात्र आफ्नो प्राण धानेको छ। यसो भन्नुको अर्थ समाजवादले पुँजीवादको गर्भमा बास गरिसकेको छ। साम्राज्यवादको गर्भमा साम्यवाद हुर्किरहेको छ।

यो निश्चित हो- पुँजीवाद अस्तायमान वर्तमान हो र 'साम्यवाद' (वैज्ञानिक साम्यवाद) निकटतम् उदीयमान भविष्य हो। उदीयमान भविष्यमा जीवन छ तर अस्तायमान वर्तमानमा भूत (मृत्यु) छ। यो पतनशील र अस्तायमान व्यवस्था हो। यसले मृत्युशैया पर्खेर बसेको छ। अहिलेको साम्राज्यवादी, पुँजीवादी थिङ्कट्याङ्कहरूको नानाथरी बकबास पुँजीवादको मृत्युशयूयाको चिच्याहट मात्र हो। विज्ञान यसको विपरीत छ।

जहाँसम्म पुँजीवादका थिङ्कट्याङ्कहरूको कुरो छ-

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# राम जन्मभूमिको बेमौसमको बाजा

नेपाली समाजमा नेवारी समुदायको एउटा उखान चर्चित छ, 'बेला न कुबेला बजी न्यौला ।' यसको दुरुस्तै नेपाली अनुवाद त नमिल्न सक्छ तर यसको भावार्थचाहिँ बेला न कुबेला चिउरा खान्छु भनेर जिद्दी गर्ने पात्रको चरित्रसँग सम्बन्धित रहेको बुझ्न सकिन्छ । यतिबेला नेपाली जनता कोरोना सङ्क्रमणको त्रासले आहत छन् । मृतक र सङ्क्रमितको सङ्ख्या भयावह बनिरहेको छ । अर्कातिर बाढीपहिरो र डुबानले जनताको अकालमा ज्यान गइरहेको छ तर केपी वली सरकारलाई नेपाली जनताको पीडाले कत्ति पनि दुखाउँदैन । ऊ त कोरोना सङ्क्रमण परीक्षणका लागि ल्याइने सामानको कमिसनको चक्कर, बाढीपहिरो पीडितका नाउँमा वितरण हुने राहतको कमिसनको चक्करमा छ । अझ भनूँ, जनमनमा घृणित र तिरस्कृत बनिसकेको केपी वली सरकार आफ्नै पार्टीभित्रको सत्ता र शक्तिको जोड, घटाउ, गुणन र विभाजनको साइत हेरेर देश र जनतालाई तमासा देखाउन उद्यत छ । जनता कोरोनाले मरेको छ, बाढीपहिरोमा पुरिएको छ, सैनिक र प्रहरीको यातनाले ढलेको छ तर वली सरकार राम जन्मभूमि कता पर्छ भनेर कम्पास घुमाइरहेको छ । 'काशी जानु कुतीको बाटो' भनेजस्तो अर्थात् भनौँ 'काम-कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भनेजस्तो । पूरै असङ्गत र विसङ्गत कामकारबाहीमा व्यस्त छ ।

उता वलीको खोक्रो राष्ट्रवादको पर्दा खुलेपछि साम्राज्यवादी भारतीय शासक नेपालको राष्ट्रियतामाथि अतिक्रमण, हस्तक्षेप र लूटले मात्र नपुगेर नेपालको राष्ट्रियता र अस्मितासँग सम्बन्धित पुराना घाउहरू कोट्याइदिँदै र बल्झाइदिँदै कहिले कालापानी, लिपुलेक र लिम्पियाधुरामा हस्तक्षेप गर्छ त कहिले नेपाली भूमि लिपुलेकसम्मको क्षेत्र आफ्नो नक्सामा पारेर नेपालीलाई उद्वेलित बनाउँछ । संसारसिद्ध तथ्य गौतम बुद्ध नेपालमा जन्मिएको यथार्थलाई उल्ट्याउँदै भारत यतिबेला फेरि नक्कली लुम्बिनी भारतमा बनाएजस्तै नक्कली बुद्ध जन्माउने र गोयबल्स प्रचार गर्ने ध्याउन्नमा छ । शासकहरूको चिन्तन र प्रवृत्ति एउटै र उस्तै भएपछि योभन्दा बढी गरून् पनि के र ?

नेपाली जनता रोग, शोक र भोकले मरिरहेका छन् तर शासकहरू जनताको संवेदना र समस्यालाई कसरी आफ्नो नाफामा रूपान्तरित गर्ने भन्ने ध्याउन्नमा छन् । केपी वली काग कराएजस्तै फेरि रामको जन्मभूमि नेपालको चितवन, माडीमै हो, त्यहाँ राम मन्दिर बनाऊ र गाउँको नाउँ पनि अयोध्यापुरी राख भनेर निर्देशन दिइरहेछन् । यी उखान र सन्दर्भ यसैका लागि उद्धरण गरिएको हो ।

सत्पात्रहरूका सन्दर्भमा कुरा बेग्लै हो । सगरमाथा नेपालमै पर्छ, यसमा दुईमत हुन सक्तैन । यो घाम पूर्वबाट झुल्किन्छ भनेजस्तै कटु सत्य हो । त्यस्तै बुद्ध नेपालकै लुम्बिनीमा जन्मिएका हुन् भन्ने यथार्थ पनि अकाट्य छ । बुद्ध सत्पात्र वा यथार्थ चरित्र भएकाले उनको जन्मस्थान र यशले अर्थ र महत्व राख्छ । हिन्दु र सनातन धर्मावलम्बीहरूले मिथक बनाएका पुराकथाका, पुराणका, शास्त्रका, किंवदन्तीका, महाकाव्यका पात्रहरू जहाँ जन्मिएको भनेर बखान गरे पनि शासकहरूलाई आफ्नो सत्ताको जोडघटाउमा अर्थ राख्ला तर नेपाल र श्रमिक नेपाली जनतालाई केही फरक पर्नेवाला छैन । अर्थात् पौराणिक पात्रहरू, राम, शिव, हनुमान, विष्णु, कृष्ण, मधुकैटव वा जालन्धरहरूको जन्म र मृत्यु किंवदन्तीमा भयो र कथामै सकियो । यसले नेपाल र नेपाली जनजीवनलाई कुनै फरक पार्नेवाला छैन तर यो कुरा जान्दाजान्दै पनि केपी शर्मा वली रामको जन्मभूमि यहाँ हो र उहाँ हो भनेर किन बारम्बार चिच्याइरहेका छन् ? यो कुरा अर्थपूर्ण छ ।

केपी वलीलाई नेपाल र नेपालीको, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको कुनै चिन्ता छैन । इतिहासमै उनले महाकालीमा राष्ट्रघात गरेर नेपाललाई कहिल्यै तिरिनसकिने घात गरिसकेका छन् । राजनीतिक रूपमा उनले विगतको वर्ग बदलिसकेका छन् । क्रान्तिकारीहरूमाथि प्रतिबन्ध लगाएर र हत्या गरेर उनले आफ्ना मालिकहरूलाई रिझाइसकेका छन् । उनी दलाल पुँजीवादलाई समाजवादको पगरी र जामा गुथाएर शासन गरिरहेका छन् र यसलाई अलि लम्ब्याउने दुष्प्रयत्न गरिरहेका छन् । दलाल पुँजीवाद बुख्याँचा व्यवस्था हो । यसको कुनै आकार, रूप र रङ छैन । यसले आकाशतिर चिल देखाएर भुइँको चल्ला टिप्ने हो । अथवा नक्कली र ऐँजेरु व्यवस्था भएकाले यसको कुनै आधार र जग छैन । यिनका मालिकहरू साम्राज्यवाद र उत्तरसाम्राज्यवाद हुन् । विकृत पुँजीवादले बजारमा जे बिक्छ, त्यही बेचेर आफ्नो बचेखुचेको आयु लम्ब्याउने प्रयास गर्ने हो । अमेरिकी वा भारतीय शासकहरू यतिबेला रङ र धर्म बेचेर जनतामाथि शासन गरिरहेको तिनका असली उत्तराधिकारी वा चेला केपी वलीहरूलाई थाहा नहुने कुरै भएन । त्यसैले मालेमा छोडिसकेका वलीहरूलाई यतिबेला रामको व्यापार चल्छ भन्ने कुरा उनका गुरु मोदीले सिकाएका छन् । त्यसैले उता मोदी रामको जन्मभूमि अयोध्या यहाँ हो भनेर मन्दिर बनाउन आदेश दिन्छन्, यता उनका चेला वली रामको जन्मभूमि यता हो भनेर यता मन्दिर बनाउन आदेश दिन्छन् । यी दुवै व्यापारी आकाशतिर रामको जन्मस्थलको चिल देखाएर भुइँका चल्ला अर्थात् सत्ताको चल्ला हात पारिरहन, टिकाइरहन चाहने स्यालजस्तै हुन् । सारमा यिनीहरू धर्म वा अफवाहका व्यापारी हुन् ।

दलाल पुँजीवादमा मानिसको श्रम मात्र होइन, रगत, पसिना मात्र पनि होइन, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका संवेदनाहरूका साथै हावाका महलहरू पनि बिक्री हुन्छन् । यतिबेला राम, सीता, हनुमान वा वायुको जन्मस्थलमा देश र जनतालाई फसाएर आफ्नो ढल्न लागेको मक्किएको सत्ता बचाउने मोदीहरू र वलीहरूको चालबाट सावधान रहनुपर्छ र दलाल पुँजीवादको असली चेहरा बुझ्नुपर्छ । यी सबैको शक्तिशाली प्रतिरोधबाहेक समस्याहरूको समाधान छैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# खालिस्तान विद्रोहको कथा

# 'पन्जाबी सुबे मेरा लास पर बनेगा'

राजीव गान्धी

इन्दिरा गान्धीको हत्या भएपछि उनका छोरा राजीव गान्धी भारतको प्रधानमन्त्री भएका थिए । इन्दिरा गान्धीले 'र' को योजनामा सवुर्ण मन्दिरमा छापामार्दा रगतको खोलो बगेको थियो । आफ्नी आमाको हत्यालगत्तै राजीवले ' खालिस्तान मेरो लासमाथि बन्छ' भनेका थिए । के हो त खालिस्तान विद्रोह ? यहाँ यसबारे सामान्य चर्चा गरिनेछ ।

आजको राजनीतिक नक्सामा भारत र पाकिस्तानमा बाँडिएको पन्जाब प्राचीन शक्तिशाली राज्य हो । पन्जाबको राजधानी लाहौर हाल पाकिस्तानमा पर्दछ । लाहौर गएर फर्किनेलाई लाहुरे भन्दाभन्दै विदेश जाने सबैलाई लाहुरे भन्ने चलन बसेको भनाइ प्रचलित छ । भीमसेन थापाले पन्जाब, मेरठ र अफगानिस्तानसँग अङ्ग्रेजविरुद्ध संयुक्त मोर्चा कायम गर्न चाहेका थिए । बलभद्र सेन पन्जाबी सेनामा भर्ती भएर अङ्ग्रेजविरुद्ध लडेको बताइन्छ । यसले पन्जाबको विरासत सम्पन्न र शक्तिशाली देखिन्छ । सन् १९४७ मा भारत-पाकिस्तान टुक्रिँदा पन्जाब पनि टुक्रियो ।

पन्जाब औद्योगिक, शैक्षिक र कृषि उत्पादनमा भारतमै अब्बल मानिन्छ । पन्जाब र हरियाणाले दिल्ली पालेको ठानिन्छ । तर पन्जाब उत्पीडन र शोषणमा परेको जनताको बुझाइ थियो । दिल्ली, बेलायत, क्यानाडा र अमेरिकामा सिख समुदायको ठूलै सङ्ख्या रहेको छ । नेपालमा पहिलो यातायात सञ्चालनपछि सिखहरूप्रति ज्यादती हुन गयो । बेलायत, क्यानाडा र अमेरिकामा फेटा नबाँध्न र दाह्री नपाल्न रोजगारदाताले दबाव दिन थाले । आजभोलि युरोपमा बुर्का लगाउँदा आईएसआईको आशङ्का गरेझैँ गरिन्थ्यो । त्यसैगरी विश्वभरिका सिख समुदायले ननकान साहिब गुरुद्वारा भ्रमण गर्न दिन पाकिस्तानसमक्ष भारत सरकारले दबाब देओस् भन्ने माग गरिरहन्थे तर भारत सरकारले कुनै सुनुवाइ गरेन । त्यसकारण प्रवासी सिख समुदायले सिख समुदायको आर्थिक, धार्मिक, सांस्कृतिक रक्षाका लागि अलग्गै स्वतन्त्र देशको आवश्यकताबोध गर्न थालेका थिए । त्यही अवधिमा बेलायतका सिखहरूले 'सिख होमरुल आन्दोलन' गठन गरे । बेलायतमा चरणसिंह नेतृत्व लोकप्रिय थियो ।

सिख आन्दोलन सन् १९७० मा नयाँ चरणमा प्रवेश गर्‍यो । पन्जाब प्रान्तको अर्थमन्त्रीसमेत भइसकेका र पन्जाब एसेम्बलीको १९६७-१९६९ मा प्रवक्तासमेत भएका डा. जगतसिंह चौहान सन् १९७१ भन्दा अघि नै बेलायत गएर आन्दोलनमा सरिक भए । उनी लगत्तै नेतृत्वमा पुगे । चौहानले 'खालिस्तानी आन्दोलन' नामकरण गरे । स्वतन्त्र देशको नाम 'खालिस्तान' प्रस्ताव गरियो । सिख समुदायको स्वतन्त्र देश भए मात्र आफ्नो समुदायको रक्षा हुने आमधारणा बन्दै गयो ।

भारतको गुप्तचर निकाय इन्टेलिजेन्स ब्युरो (आईबी) ले भारत-चीन युद्धको सही सूचना दिन नसकेको जवाहरलाल नेहरूको बुझाइ थियो । गुप्तचर निकायको असफलताका कारण खालिस्तान विद्रोह बढ्दै गएको इन्दिरा गान्धीको बुझाइ थियो । त्यसैबीच सन् २१ सेप्टेम्बर १९६८ मा गान्धीले 'आई बी' विघटन गरेर 'रिसर्च एन्ड एनालाइसिस विङ (र)' गठन गरिन् । त्यसको इन्चार्ज गान्धी आफैँ बनिन् ।

सन् १९७१ मा पूर्वीपाकिस्तानलई स्वतन्त्र देश निर्माण गर्ने 'र' को योजनासँगै खालिस्तानविरुद्ध 'र' ले 'साइबर वार' सुरु गर्‍यो । त्यसलगत्तै पाकिस्तान, बेलायत, क्यानाडा र अमेरिकाले पनि खालिस्तानका पक्षमा नरम नीति अख्तियार गर्न थाले । त्यसलगत्तै 'अन्तर्राष्ट्रिय सिख युथ फेडरेसन, दिढाल रगल्सा, दि बब्बार रगल्सा' आदि सङ्गठनहरू निर्माण भए । खालिस्तानीहरूले चीनको समर्थन लिन चौहान १९८० मा हङकङ हुँदै चीन प्रवेश गर्न चाहेका थिए । चीनले खालिस्तान विद्रोहमा पश्चिमाहरूको प्रवेश ठानेर चौहानलाई चीन प्रवेश गर्न दिएन । खालिस्तानीहरूका बीचमा हिंसात्मक कि शान्तिपूर्ण भन्ने बहस उत्कर्षमा थियो । विद्रोहका दुवै रूप चलिरहेका थिए । चौहान शान्तिपूर्ण सङ्घर्षको पक्षपाती थिए । पन्जाब प्रहरीका कनिष्ठ अधिकारीसमेत रहिसकेका गङ्गासिंह ढिलोनले 'ननकान साहित फाउन्डेसन' गठन गरेर अमेरिकामा खालिस्तान आन्दोलन चलाइरहेका थिए । त्यसैबीच 'र' प्रमुख सन्दुकले सन् १९८० को अन्त्यमा खालिस्तान विद्रोह दमन गर्न अलग विभाग गठन गरे । सन् १९८१ सेप्टेम्बर २९ मा खालिस्तान विद्रोहीमध्येको एउटा घटक गजेन्द्र सिंह नेतृत्वको 'दाल खाल्सा' ले इन्डियन एअरलाइन्सको जहाज अपहरण गर्‍यो । पाकिस्तानको मध्यस्थतामा यात्रुलाई भारत फिर्ता गरेर विद्रोहीलाई पाकिस्तानमै शरण दिइयो ।

खालिस्तान विद्रोहले स्वतन्त्र पहलकदमी, जननिर्भरता गुमाउँदै गएको थियो । सन् १९८२ नोभेम्बर १९ देखि डिसेम्बर ४ सम्म भारतमा एसियन कप चल्दै थियो । खालिस्तानीहरूले त्यो खेल भाँड्न चाहे । त्यसका लागि जगतसिंह चौहान लन्डनबाट काठमाडौँ आए । त्यसको सूचना 'र' ले प्राप्त गर्‍यो र नेपाल सरकारलाई चौहानको सुपुर्दगी माग गर्‍यो । पञ्चायती सरकारले चौहानलाई लन्डन नै फिर्ता गर्‍यो । चौहानको काठमाडौँ आगमन र एक वर्षअघि जहाज अपरहण काण्डले त्रसित प्रहरी र अर्धसैन्य बलले दिल्लीमा सुरक्षा बेरियर बनाएर सवारीसाधनबाट फेटा लगाएका, दाह्री पालेका सबैलाई ओरालेर केरकार गर्न थाल्यो । सिख समुदायले अपमानित ठान्यो । दमनहरू भए । त्यसले गर्दा खालिस्तान विद्रोहप्रति जनसमर्थन व्यापक भएर गयो । सन् १९८३-०८४ सम्म पुग्दा पन्जाबको अवस्था नाजुक भयो ।

सन् १९८३ अप्रिल २६ मा स्वर्ण मन्दिर जाँदै गर्दा पन्जाब प्रहरीका डेपुटी इन्सपेक्टर बाटैमा मारिए । खालिस्तानी विद्रोहीहरूले स्वर्ण मन्दिर कब्जा गरेर बसेका थिए । त्यसका विरुद्ध सेना परिचालन गर्ने निर्णय सरकारले गर्‍यो । तर 'र' ले प्रहरी र अर्धसैन्य बल प्रयोग गर्नुपर्ने सुझाएको भए पनि सरकारले नमानेको एकजना 'र' अधिकारीको भनाइ छ । अकाली दल र भिन्ट्रनवालेलाई आत्मसमर्पण गर्न भनियो । सेनाले छापामार्‍यो र रगतको खोलो बगायो । पूर्वानुमानभन्दा धेरै समय र ठूलो भिडन्त भयो । सयौँ निर्दोष श्रद्धालु मारिए । सेनाले अनपेक्षित घटनापछि 'र'को सूचना गलत भएकाले अनपेक्षित घटना भएको बतायो । सुरक्षा निकायबीच नै मत बाझियो । त्यो घटनापछि फौजमा नकारात्मक प्रभाव नपर्ने सरकारी बुझाइ थियो । भारतीय फौजमा पन्जाबीहरूको ठूलो भूमिका थियो । फौजमा नकारात्मक प्रभाव पर्‍यो । सन् १९८४ जून ३-६ को 'अपरेसन ब्लु स्टार' नामको उक्त अपरेसनले भारतीय समाजमा दीर्घकालीन नकारात्मक प्रभाव पार्‍यो ।

सन् १९८४ अक्टोबर ३ तारिखमा दिल्ली प्रहरीमा रहेका २ जना इन्दिरा गान्धीका अङ्गरक्षकले इन्दिरा गान्धीको हत्या गरे । सिख फौजमा नकारात्मक प्रभाव परेकाले सिखहरूलाई गान्धीको भित्री सुरक्षाबाट सावधानीपूर्वक अन्यत्र सारिएको थियो । तर फेरि के-कति कारणले पुनः तैनाथ गरियो भन्ने प्रश्न अनुत्तरित नै रहेको थियो । गान्धीको मृत्युले देशभरि सन्नाटा उत्पन्न भइरहेको बेला सिख समुदायमा एकसाथ त्रास र खुसी थियो । बेलायतका केही खालिस्तानीले लन्डनको भारतीय उच्च आयोगअगाडि जम्मा भएर मदिरापान गर्दै नाचगान गरेका थिए । उनीहरूले त्यही बाटो भएर आउजाउ गर्नेहरूलाई फ्रेन्च मदिरा बाँडेका थिए । यता भारतभरि काङ्ग्रेस र प्रहरीहरूले देशव्यापी सिखहरूको हत्या र लुटपाट गरे ।

अपरेशन ब्लु स्टारको समयमा भारतीय सेनाका प्रमुख जनरल एएस वैद्य अवकाशपछि महाराष्ट्रको पुने सहरमा अवकाश जीवन बिताइरहेका थिए । सन् १९८६ मा पुनेमा वैद्यको पनि हत्या भयो । यसरी हिंसा र प्रतिहिंसा चल्दै गर्‍यो । तर क्रान्तिकारी विचार, सही राजनीति, जननिर्भरताभन्दा गुप्तचर, स्वार्थ समूहप्रतिको भरोसा, जनपरिचालनको अभाव र भारतका अन्य राष्ट्रिय मुक्ति आन्दोलनसँग संयुक्त मोर्चा कायम गर्न नसक्दा खालिस्तान विद्रोह ओरालो लाग्यो । तर राष्ट्रिय मुक्ति आन्दोलनको औचित्य यथावत् भए पनि त्यसले आवश्यक विकास गर्न सकेन । पाकिस्तानको संलग्नताले आन्दोलनलाई बदनाम गराउँदै लग्यो भने पश्चिमाहरू भारतीय काङ्ग्रेस र सोभियत सङ्घप्रति नरम भएकाले खालिस्तान आन्दोलनलाई दिल्लीसँग 'बार्गेनिङ चिप्स' मात्र बनाउन चाहन्थे ।

खालिस्तान विद्रोहप्रतिको ज्यादती, सनकको भरमा लगाइएको सङ्कटकाल र तमिल समस्याप्रति 'आफैँ धामी, आफैँ बोक्सी' भनेजस्तो नीतिका कारण भारतका दुई प्रधानमन्त्री तथा आमा-छोराको ज्यान गयो भने काङ्ग्रेस नेतृत्वविहीन भएर आज विघटनको सङ्घारमा पुग्यो । खालिस्तान विद्रोहको अस्थायी समाधान त भयो तर गर्भमा प्रतिरोधको बिउ रोपेर छोडियो । यसको अन्तर्राष्ट्रिय आयाम पनि छ जसमा सहयोगी सोभियत सङ्घको विघटन, चीनको बढ्दो शक्ति आर्जन, श्रीलङ्कामा चीनको प्रभाव विस्तार र अमेरिकाको बढ्दो प्रभाव थिए । तर आन्तरिक कारण नै मुख्य थियो ।

***अनुवाद : अनिल शर्मा 'विरही'***

*भरतपुर अस्पताल, मेडिकल वार्ड, क्याबिन नं. ३०१ 'ए'*

वैदेशिक रोजगार विभागको

**अत्यन्त जरुरी सूचना !**

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रूपमा समेत तयार हुनुपर्दछ ।
२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझी स्वीकृतिप्राप्त मेनपावरमार्फत् जानुहोला । एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवम् त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्न सक्ने सम्भावना हुन्छ ।
३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? यकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहोला । बुझाएको रकमको भरपाई लिन नबिर्सिनुहोला । एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ ।
४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूताबासको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा लिई जानुहोला ।
५. सूचीकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बिमा अनिवार्य गराउनुहोला । विदेश जानुअघि अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्छ ।
६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता–पत्रमा हस्ताक्षर गर्नुहोला । सोको एकप्रति आफूसँग राख्नुहोला । फरक फरक सम्झौता नगर्नुहोला ।
७. वैदेशिक रोजगारीसँग सम्बन्धित तपाईका सम्पूर्ण कागजातहरू (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बिमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला ।
८. कानुन बमोजिम सुविधा (बिमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाईमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला । विभागको स्वीकृतिबेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन । याद गर्नुहोस्, यसो गरेमा तपाईंलाई कार्बाही हुन सक्छ । यसबाट तपाई वा तपाईंको परिवार सुविधाबाट बञ्चित हुन सक्नुहुन्छ ।
९. वैदेशिक रोजगारसम्बन्धी जानकारी तथा सूचना र ठगीसम्बन्धी जानकारी जगाउन तत्काल विभागको हटलाइन फोन नं. ०१–४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला ।
१०. पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरूपले श्रम स्वीकृति लिनुहोला । करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारको तर्फबाट कुनै पनि कानुनी उपचार र सुविधा उपलब्ध हुनेछैन ।
११. महिला कामदारहरू वैदेशिक रोजगारीको लागि साउदी अरेविया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रूपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिसा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला ।
१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला ।
१३. वैदेशिक रोजगारीका लागि प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्नुहोला । कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला ।

पृष्ठ १ बाट क्रमशः

# कम्युनिस्ट आन्दोलनका चुनौती र हाम्रो कार्यभार

'समाजवाद असफल भयो ।' यो सत्य होइन । यो त सत्ताको छिनाझपटीको प्रक्रियाको उतारचढाव मात्र हो । समाजवाद नयाँ प्रयोगको प्रक्रियामा छ किनकि मार्क्सवाद विज्ञान हो । यो सयौँपटकको प्रयोगबाट गुज्रन्छ । यस्ता कयौँ प्रयोगहरूले नै अनुसन्धानलाई परिस्कृत र विज्ञानसम्मत बनाउँछन् । सोभियत सङ्घ र पेरिस कम्युन आफ्ना युगका प्रयोग र परीक्षण थिए । प्रयोग नै असफल भएको भन्ने सफेद झूट हो । साम्यवादी सिद्धान्त सही छ र प्रयोग 'सफल' छ तर केही कमी र अपूराहरू छन् । त्यो पनि देश, काल र परिस्थितिको भिन्नताका कारणले रहन गएका अपूरापन मात्र हुन् । यसको 'रक्षा र विकास' आजको चुनौती हो । यसबारे नयाँ अनुसन्धान र प्रयोगहरू भई पनि रहेका छन् । अबका केही दशक र सहश्राब्दीहरूले यो अपूर्णतालाई पूर्ण गर्नेछन् र अर्को सफल प्रयोग साबित गरेर देखाइदिनेछन् ।

यी प्रयोग र परीक्षणकै प्रक्रियामा नेपालमा दस वर्षसम्म सञ्चालित जनयुद्धले प्रतिधक्का खाएपछि क. विप्लवको नेतृत्वमा नेकपाको पुनर्गठनपछि नेपालमा नयाँ खोज सुरु भयो र यस अन्वेषणबाट केही आशालाग्दा परिणामहरू हात लागेका छन् । नयाँ खोजले 'एकीकृत जनक्रान्ति' को जन्म भएको छ । यसले मार्क्सवादी दर्शनलाई एक हदसम्म समृद्ध र विकास गरेको छ ।

दर्शन, राजनीति, सङ्गठन, कार्यदिशा, कम्युनिस्ट अर्थनीति, विश्व-साम्राज्यवाद, भारतीय विस्तारवाद, स्टालिन र चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई हेर्ने दृष्टिकोण, कम्युनिस्ट पार्टी निर्माणसँग सम्बन्धित कयौँ विषयहरूमा पार्टीले नयाँ प्रस्थापनाहरू अगाडि सारेको छ । त्यसमा पनि सबभन्दा महत्वपूर्ण कुरा त परिस्थितिको विकाससँगै मार्क्सवादी दर्शनमा हुन आएको अपूरोपनमा पूर्णता दिनु आफैँमा एउटा विकास हो । 'संसारलाई बुझ्ने मात्र होइन, मुख्य कुरा बदल्नु हो' भन्ने मार्क्सवादी दर्शनको निर्देशक सिद्धान्तमा रोल्पाको थबाङ महाधिवेशनले 'बुझ्ने, बदल्ने र विकास गर्ने' भन्ने संश्लेषण गरेको छ अर्थात् 'बुझ्ने र बदल्ने' मार्क्सवादी दर्शनको निर्देशक सिद्धान्त अहिले पनि ठीक छ तर यति काम कम्युनिस्टहरूले गरे पनि तर प्रतिक्रान्तिहरू दोहोरिने प्रक्रिया बन्द भएन । यसका कारणहरू खोज्दै जाँदा खासगरी प्रतिक्रान्ति हुनुपछाडिका घटनाहरूले के साबित गरे भने 'बदलिएको वस्तु' को रक्षा गर्न नसकेर हो भन्ने निष्कर्षमा पुग्यौँ र 'रक्षा' यसको 'विकास' गरेर मात्र गर्न सकिन्छ भन्ने हाम्रो अन्तिम निष्कर्षले अब मार्क्सवादको निर्देशक सिद्धान्त संसारलाई 'बुझ्ने र बदल्ने' मा 'विकास गर्ने' भन्ने पदावली थपेर मात्र यो पूर्ण हुनसक्छ भन्ने यो हाम्रो नयाँ खोजको निष्कर्ष हो किनकि मार्क्सवाद निरन्तर विकास गर्ने विज्ञान हो । यो महाधिवेशनको संश्लेषण हो । सायद मार्क्सवादको प्रयोग र निरन्तर क्रान्तिका सन्दर्भमा यो संश्लेषण विश्व-कम्युनिस्ट आन्दोलनमा नयाँ हो । यसमा कुनै नियत र बनावटी वा महत्वाकाङ्क्षीपना छैन बरु पटकपटकको प्रतिक्रान्ति र प्रतिधक्काहरूको गहिरो मर्म र क्रान्तिप्रतिको लगनशीलता, प्रतिबद्धता र समर्पणभाव छ जसले यो संश्लेषण गर्ने ठाउँमा पुऱ्यायो । यसले प्रेरणा र साहस दुवै दियो । अतः यी क्रान्ति र प्रतिक्रान्तिका प्रतिफल थिए । यसले माथि भनिएको प्रयोगका क्रममा रहेको कमजोरी र अधुरोपन पक्षको निकास र हल दिएको छ ।

यस सन्दर्भमा पार्टीमाथिको प्रतिबन्ध र क्रान्तिको नयाँ खोजको सन्दर्भमा महासचिव कमरेड विप्लवले आठौँ केसको आठौँ पूर्ण बैठकको उद्घाटन मन्तव्यमा व्यक्त गर्नु भएको 'एउटा भनाइ' राख्नु सान्दर्भिक हुनेछ- 'अस्ति भर्खरै तीनचारजना भौतिकशास्त्रका वैज्ञानिकहरूलाई नयाँ खोज गरेबापत सामूहिक रूपमा पुरस्कृत गरिएको खबर सुनेँ । आजको मानवसमाज 'भौतिक विज्ञानमा नयाँ आविष्कार' लाई सम्मान गर्ने र पुरस्कार दिने हदसम्म पाच्य भएको छ, यो खुसीको कुरा हो तर 'समाज विज्ञान'मा अझै पाच्य हुने स्थिति बनेको छैन । समाजलाई त्यो ठाउँमा पुग्न अझै केही समय लाग्नेछ । हामीले अगाडि सारेको 'एकीकृत जनक्रान्ति' पनि क्रान्तिको नयाँ खोज भएकाले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाएका हुन् ।' महासचिवको यो भनाइको सान्दर्भिकतालाई कसरी पनि पुष्टि गर्न सकिन्छ भने हरेक नयाँ खोज र आबिस्कारले पुरानो सत्ता र शासकहरूबाट यस्तै नियति भोग्दै आएको छ । सुरुमा पृथ्वी गोलो छ भन्ने 'वैज्ञानिकहरू' लाई कसरी मारियो र दण्डित गरियो । नयाँ-नयाँ आविष्कार गर्ने वैज्ञानिकहरू यसरी नै दण्डित गरिए वा देश निकाला भए वा देश छाडेर भाग्नुपऱ्यो । तर सत्य सत्य नै साबित भयो । मार्क्सवादी सिद्धान्तको नयाँ विचार अगाडि सार्दा मार्क्स र एङ्गेल्सले कति सास्ती भोग्नुपऱ्यो । लेनिन, स्टालिनहरू कतिपटक जेल र निर्वासन हुनुपऱ्यो । माओले लामो युद्ध (यिलन :बचअज) लड्नुपऱ्यो । गोन्जालो अझै जेलमा छन् । कतिले गोली खानुपऱ्यो तर समाजविज्ञानका अन्वेषकहरूको अझै पुरष्कृत हुने स्थिति बनेको छैन । यही नेकपाले पनि कतिपटक प्रतिबन्ध खेप्नु पऱ्यो । २००८ सालमा अन्तरिम प्रजातान्त्रिक भन्ने सरकारले, २०१७ सालमा पञ्चायती प्रजातन्त्र भन्नेले, २०५२ को जनयुद्धलाई (राजा काङ्ग्रेस+एमालेको साझेदारी सत्ता) बहुदलीय राजतन्त्रात्मक संसदीय व्यवस्था (जसले आफूलाई संसारको अब्बल लोकतन्त्र भन्थ्यो) ले र अहिले चौथोपटक २०७५ फागुनमा केपी-प्रचण्डको कथित कम्युनिस्टको लोकतान्त्रिक गणतान्त्रिक सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । क. विप्लवले अगाडि सारेको एकीकृत जनक्रान्तिको नयाँ विचारलाई अगाडि सार्दा उहाँले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टीमाथि नै प्रतिबन्ध लगाउनुको पछाडि यही सत्यताको रहस्य लुकेको छ जो एक दिन सत्य साबित भएर साक्षात् जनताको अगाडि आउनेछ । यो नेकपामाथिको चौथो संस्करणको प्रतिबन्ध हो । यो पुरानो सत्ताको नियति र चरित्र हो, पराजित मानसिकताको उपज हो । यस अर्थमा पनि हामीले खोज गरेको 'एकीकृत जनक्रान्ति' नयाँ खोज र आविष्कार हो । यो विज्ञानमा आधारित छ भन्ने तथ्य यसले पनि पुष्टि गर्दछ ।

जहाँसम्म सिद्धान्तको प्रयोगको प्रश्न छ, कुनै पनि विज्ञान वा सिद्धान्त कयौँपटक प्रयोगका बीचबाट अघि बढ्छ । कयौँपटकका असफलताहरूको योगफल नै सफलता हो । सामाजिक विज्ञान पनि यही प्रक्रियावाट अघि बढ्छ । साम्यवादी सिद्धान्तको प्रतिपादन भएको २४ वर्षमै यसको सफल प्रयोग पेरिसमा भयो । यसको ४५ वर्षपछि अर्थात कम्युनिस्ट घोषणापत्र सार्वजनिक भएको ६९ वर्षपछि रसियामा अर्को सफल प्रयोग भयो । यसको ठीक एक सय एक वर्षपछि अर्थात् अक्टोबर क्रान्तिको ठीक ३२ वर्षपछि चीनमा अर्को सफल प्रयोग भयो । यस्तै कोरिया, भियतनाम र क्युबाका क्रान्तिहरू पनि सफल प्रयोगकै उदाहरण हुन् । नेपालमा एकीकृत जनक्रान्ति प्रयोगको प्रक्रियामा छ । भारत र कोलम्बिया पनि क्रान्ति प्रयोगकै प्रक्रियामा छन् । यी क्रान्तिहरूको 'रक्षा र विकास' सम्भव छ । यो हाम्रो दृढ विश्वास हो ।

आजसम्मका प्रयोगको सफलताको पाटो के थियो भने महान् स्टालिनका पालामा सोभियत समाजवादी शिविरमा आबद्ध राष्ट्रहरूको सङ्ख्या पूर्वीयुरोप, एसियामा चीन, कोरिया, भियतनाम, लाओस, कम्बोडिया, अमेरिकाको नाकैमुनि क्युबा गरी दुई दर्जनमाथि पुग्यो । क. स्टालिनको पालामा एक प्रकारले समाजवादी सत्ताको लहर नै आयो । त्यसबेला विश्वका कुल जनसङ्ख्याको झन्डै आधा जनसङ्ख्या र भूभागको हिसाबले करिब एक तिहाइ भूभाग समाजवादी 'क्याम्प'मा ध्रुवीकृत भयो । यसले एकातिर पुँजीवादी शिविर 'नाटो' समूह र अर्कोतिर समाजवादी शिविर 'वार्सा' समूह गरी विश्व दुई ध्रुवमा विभाजित भयो । नाटोको नेतृत्व अमेरिकाले र वार्साको नेतृत्व सोभियत सङ्घले गरे । यसरी थोरै समयमै सोभियत सङ्घ कम्युनिस्टहरूको एक शक्तिशाली केन्द्रका रूपमा स्थापित भयो । यसबाट अत्तालिएका पुँजीवादी शासकहरूले क्रान्तिको एक वर्ष नहुँदै सोभियत सङ्घमाथि संयुक्त आक्रमण गरे तर लेनिन र स्टालिनले ती सबै आक्रमणहरूलाई बिफल बनाइदिए ।

सोभियत सङ्घ, चीन, कोरिया, भियतनाम, क्युबाबाहेक पूर्वीयुरोपका कयौँ राष्ट्रहरूमा क्रान्तिबिना नै समाजवादी सत्ताको घोषणा गर्न पुगेकाले ती देशहरूमा समाजवादलाई सुदृढ गर्न धेरै मेहनत गर्नुपर्ने स्थिति थियो तर यो गर्न नपाउँदै 'लेनिनको निधन' भयो । यसले विश्व-कम्युनिस्ट आन्दोलनमा गम्भीर क्षति भयो । भर्खरै स्थापना भएको सोभियत समाजवादी सत्ता जसलाई चारैतिरबाट पुँजीवादी-साम्राज्यवादीहरूबाट घेरिएको थियो, यसलाई लेनिन आफैँले सुदृढ गर्न नपाउनु, क्रान्तिपछि सर्वहारा वर्गको नेतृत्वमा समाजवादी व्यवस्थालाई र पूर्वीयुरोपका समाजवादी देशहरूमा समाजवादी सत्ता सुदृढ गर्न नपाउनु, विश्व-कम्युनिस्ट आन्दोलनलाई अझ सुदृढ, विकास र विस्तार गर्न नपाउनु समाजवादी सत्ता टिकाउन नसक्नुका 'आन्तरिक कारण' हरू थिए । यसरी के भन्न सकिन्छ भने क. लेनिनको निधन नै सर्वहारा वर्गको सत्ता बचाउन नसक्नुको एउटा मुख्य आन्तरिक कारण थियो । यसले गर्दा कम्युनिस्ट सत्ताको रक्षा र विकास गर्ने काममा अपूर्णता रह्यो ।

कमरेड लेनिनको निधनपछि उहाँको अधुरो कार्य उहाँकै सहयोद्धा कमरेड स्टालिनको काँधमा आयो तर स्टालिन 'एक्लो' पर्नुभयो । उहाँलाई पनि चारैतिरबाट घेरा हालियो । उहाँलाई बाहिर र भित्रैबाट सिध्याउने धेरै ठूलठूला षड्यन्त्रहरू भए । उहाँ आफैँलाई मार्ने षड्यन्त्रसम्म गरे । नसकेपछि उहाँका विश्वासिला कमरेड 'सर्गेय किरोभ' को हत्या गरे । यसरी एकातिर बाहिरबाट तत्कालीन साम्राज्यवादी जर्मनीका नाजी शासक हिटलरको आक्रमण र अर्कोतिर पार्टीभित्रबाट संशोधनवादीहरूको आक्रमणको दोहोरो चपेटामा पर्दापर्दै पनि उहाँले सबै अवरोधहरू पन्छाउँदै सोभियत समाजवादी सत्ता बचाउन सफल हुनु, सोभियत समाजवादी सत्तालाई विशाल समाजवादी शिविरमा स्थापित गर्न सक्नु र साम्राज्यवादको घेराबन्दीलाई तोडेर सोभियत सङ्घलाई एक ध्रुव शक्तिमा स्थापित गर्न सक्नु स्टालिनको महान् देन थियो । परन्तु यी तमाम घेराबन्दी र षड्यन्त्रका साथै पहिलोपटक समाजवादी सत्ताको अभ्यासमा अनुभवको कमी हुनु, यत्रो सर्वहारा वर्गको सत्ता सञ्चालनमा बाहिर र भित्री लडाइँमा एक्लै पर्नु, पार्टीभित्र दक्षिणपन्थी संशोधनवादीहरूको घुसपैठ र चलखेल तथा उहाँको मृत्युपछि क्रान्तिकारी उत्तराधिकारीहरूको टोली नहुनुजस्ता कमजोरीहरू सोभियत कम्युनिस्ट सत्ता टिकाउन नसक्नुका आन्तरिक कारणहरू थिए । यी कारणहरूले गर्दा कमरेड स्टालिनको निधनपछि सोभियत सङ्घ दिगो रहन सकेन । क. स्टालिनपछि सोभियत सङ्घको जिम्मेवारी समालेका निकिता ख्रुस्चोभले समाजवादी शिविरको नेतृत्व गर्नुको सट्टा स्टालिनको घोर विरोध गर्दै समाजवादी शिविर वार्सा र सोभियत सङ्घलाई तहसनहस बनाउन ढोका उघाऱ्यो । यो कार्य विश्व-कम्युनिस्ट आन्दोलनमा महान् गद्दारी थियो ।

महान् नेता कमरेड स्टालिनको निधनपछि विश्व-कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी आन्दोलनको नेतृत्वको जिम्मा क. माओको काँधमा आयो । उहाँको कालमा विश्व-कम्युनिस्ट आन्दोलन दुई धारमा विभाजित भयो- क. माओको नेतृत्वमा क्रान्तिकारी धार र गद्दार ख्रुस्चोभको नेतृत्वमा संशोधनवादी धार । यसरी क. माओले पनि पार्टीभित्र र बाहिर संशोधनवादको सामना गर्नुपऱ्यो भने क्रान्तिकै क्रममा चीनमा ठूलठूला साम्राज्यवादी देशहरूको आक्रमणको पनि सामना गर्नुपऱ्यो । उहाँले पनि यी सबै घेराहरू तोड्दै चिनियाँ क्रान्ति सम्पन्न गर्नु महानतम् कार्य थियो तर उहाँको पनि आफूपछि क्रान्तिकारी उत्तराधिकारीहरूको टोली बलियो नहुँदा उहाँको निधनपछि चिनियाँ कम्युनिस्ट पार्टीमा पनि अवसरवादीहरूले सत्ता हत्याए । उहाँले पनि सोचेका, लेखेका, देखेका र सुरु गरेका कामहरू पूरा गर्न नपाउनु नै विश्व-कम्युनिस्ट आन्दोलनले अर्को क्षति बेहोर्नुको आन्तरिक कारण बन्न गयो । उहाँको निधनपछि बाँकी अधुरो कार्य पूरा गर्ने उत्तराधिकारी टोलीको अभावका कारण कम्युनिस्ट सत्ता र विश्व-कम्युनिस्ट आन्दोलनलाई सुदृढ र विकास गर्ने काम क. माओपछि पनि अधुरोको अधुरै रह्यो । यसको पनि हाम्रो पार्टी र नेतृत्वले गम्भीर समीक्षा गरेको छ र यसका सैद्धान्तिक, वैचारिक, साङ्गठनिक र व्यावहारिक गाँठाहरू फुकाउने सैद्धान्तिक र व्यावहारिक ढोका उघारेको छ । यसरी हेर्दा आज विश्वमा कम्युनिस्टहरूका अगाडि केही चुनौती र कार्यभारहरू थपिन आएका छन् । ती चुनौती र कार्यभारहरूलाई बुँदागत रूपमा निम्नअनुसार राख्न सकिन्छ-

१) कम्युनिस्ट आन्दोलनका आन्तरिक चुनौतीहरू
२) टुक्रे सोचाइ, टुक्रे क्रान्तिको समस्या र एकीकृत जनक्रान्तिको खाँचो
३) क्रान्तिकारी उत्तराधिकारी टिमको खाँचो
४) क्रान्तिकारी नेतृत्वको रक्षा
५) कमरेड स्टालिनको रक्षा
६) महान् सर्वहारा सांस्कृतिक क्रान्तिको रक्षा
७) विचारको रक्षा
८) अन्तर्राष्ट्रिय नेतृत्वको खाँचो
९) कम्युनिस्टहरूको कार्यभार
१०) हाम्रो संश्लेषण र निचोड

**१) कम्युनिस्ट आन्दोलनका आन्तरिक चुनौती :**

खासगरी कमरेड माओपछि संसारभरि क्रान्तिका लहरहरू उठे तर सफल हुन सकेनन् । यसका कारणहरू बाह्य साम्राज्यवादी हस्तक्षेप त हुँदै हो तर यसको मुख्य कारण आन्तरिक हो र यसमा पनि दर्शन, राजनीति, सङ्गठन कार्यदिशा र अर्थनीतिमा केही न केही कमीहरू छन् भन्नेमा हामी र हाम्रो पार्टी नेतृत्व पुग्यो र यस विषयमा गम्भीर समीक्षा गऱ्यौँ । निष्कर्षमा कहाँ पुग्यौँ भने दर्शन, कार्यदिशालगायत उल्लिखित क्षेत्र र विषयहरूमा केही विकास गर्नुपर्ने, केही सच्याउनुपर्ने, केही समृद्ध गर्नुपर्ने महसुस गरेर आठौँ महाधिवेशन गर्ने र केही आवश्यक विषयहरू संश्लेषण गर्नुपर्ने निष्कर्षमा पुग्यौँ जसले अहिलेसम्मका बन्द ढोका र अवरुद्ध मार्ग खोलेर क्रान्तिकारीहरूलाई अगाडि बढ्न मार्गप्रशस्त गरेको छ । यसै निष्कर्ष, भाव र 'स्पिरिट'का साथ आठौँ महाधिवेशन सम्पन्न भयो र यसले केही नयाँनयाँ प्रस्थापनाहरू अगाडि सारेको छ । दर्शन, विचार, राजनीति, सङ्गठन, अर्थनीति र हाम्रो आचरण, संस्कार-संस्कृति तथा कार्यशैलीहरूमा रहेका कमीहरू सच्याएर वा विकास गरेर मात्र बाह्य चुनौतीको सामना गर्न सकिन्छ भन्ने निष्कर्षहरू महाधिवेशनबाट निकालिएको छ । यो निष्कर्षले कम्युनिस्ट आन्दोलनका आन्तरिक चुनौतीहरूको सामना गर्ने महत्वपूर्ण हतियार प्रदान गरेको छ र क्रान्तिकारीहरूलाई अगाडि बढ्ने र वस्तुलाई नयाँ शिराबाट हेर्ने, बुझ्ने र हल गर्ने महत्वपूर्ण हतियार प्रदान गरेको छ । यो नेपाली कम्युनिस्ट आन्दोलनका सन्दर्भमा ' महत्वपूर्ण उपलब्धि' हो ।

-(हेर्नोस् आठौँ महाधिवेशनबाट पारित राजनीतिक दस्तावेज)

**(२) टुक्रे सोचाइ, टुक्रे क्रान्तिको समस्या र एकीकृत जनक्रान्तिको खाँचो :**

भारत, नेपाल, कोलम्बिया, पेरूलगायत दर्जनौँ देशहरूमा अहिले पनि क्रान्तिकारी कम्युनिस्टहरू निरन्तर क्रान्तिकै प्रक्रियामा छन् तर क्रान्तिहरू सफल हुन सकिरहेका छैनन् । यसको कारण टुक्रे सोचाइ, टुक्रे आन्दोलन र एकीकृत क्रान्ति र एकीकृत प्रतिरोधको समस्या हो । कुनै पनि देशको क्रान्ति दबाउन संसारभरिका पुँजीवादीहरू एकीकृत भएर आउँछन् । सेना, प्रविधि, वैचारिक, राजनीतिक, आर्थिक सबै केन्द्रित गरेर दबाउँछन् तर कम्युनिस्टहरूले त्यसको एकीकृत प्रतिरोध गर्नुको सट्टा केवल एक देशको कम्युनिस्ट पार्टीले, त्यसमा पनि एउटा समूहले स्थानीय प्रविधि र एक्लै सामना गर्नुपर्ने स्थिति छ । त्यसैमा कम्युनिस्ट भनाउँदाहरू नै प्रतिक्रियावादी सत्तामा पुगेर साम्राज्यवादको कठपुतली बनेर दमन गर्न आउँछन् । यो विडम्बना कम्युनिस्टहरूको छ । यसरी हेर्दा सङ्घर्षका क्षेत्रमा 'एकीकृत प्रतिरोध' र 'एकीकृत क्रान्ति' को समस्या आजका कम्युनिस्टहरूको मुख्य चुनौती हो । यसलाई 'एकीकृत सिद्धान्त र विचार' मा उठेर मात्र सामना गर्न सकिन्छ । यो एकीकृत जनक्रान्तिको सङ्घर्ष र प्रतिरोधको सार हो । दोस्रो सत्ता र सरकारमा भएका कम्युनिस्टहरू र आन्दोलन र क्रान्तिको प्रक्रियामा रहेका कम्युनिस्टहरूबीच सहयोग, सहकार्यको वातावरण छैन । यसले गर्दा साम्राज्यवादले एक्लाएक्लै पारेर कसैलाई आतङ्ककारीका नाममा दमन गरेर त कसैलाई तानाशाह र अधिनायकवादीका नाममा 'प्रतिविद्रोह भत्काएर' ' अपदस्त गरेर' 'चुनावको नामबाट' कम्युनिस्टहरूमाथि रजाइँ गरिरहेको छ । यसका निम्ति पनि साम्राज्यवादको दमन र रजाइँको प्रतिरोध सरकारमा रहेका र आन्दोलन वा क्रान्तिमा रहेका कम्युनिस्टहरूबीचको सहकार्य र मोर्चाबन्दीबाट एकीकृत प्रतिरोध जरुरी छ । यो दुवै पक्षबाट मुख्यतः सत्तामा रहेका देशका कम्युनिस्टहरूको पहल जरुरी छ ।

समग्रमा कम्युनिस्टहरू 'टुक्रे सोचाइ, आन्दोलन र क्रान्ति' बाट होइन, साम्राज्यवादको दलाली गरेर पनि होइन, आत्मनिर्भर भएर 'एकीकृत सोचाइ र एकीकृत प्रतिरोध' द्वारा मात्र आजको साम्राज्यवादको चुनौतीको सामना गर्न सकिन्छ भन्ने हाम्रो निष्कर्ष छ ।

**(३) क्रान्तिकारी उत्तराधिकारीको खाँचो**

सोभियत सङ्घमा कमरेड स्टालिनपछि संशोधनवाद आयो । चीनमा पनि कमरेड माओपछि दक्षिणपन्थीहरूले पार्टी र सत्ता कब्जा गरे । पेरूमा क. गोन्जालोको गिरफ्तारीपछि पेरूको जनयुद्धले प्रतिधक्का खायो । नेपालमा पनि प्रचण्डको विचलनपछि जनयुद्धकै समापन भयो । कुनै पनि देशको कम्युनिस्ट पार्टीभित्र एउटा नेताको शेषपछि क्रान्तिमा पहल गुम्न पुग्ने र संशोधनवादी पुँजीवादीहरू हाबी हुनुको एउटा महत्वपूर्ण कडी क्रान्तिकारी उत्तराधिकारी टोलीको अभाव हो । लेनिनपछि स्टालिन भएकाले सोभियत सङ्घ टिकेको हो तर क. स्टालिनपछि र चीनमा माओपछि क्रान्तिकारी उत्तराधिकारीहरूको सबल टोली तयार नहुनुको पछाडिको एउटा कारण हो । यो कम्युनिस्ट आन्दोलनभित्रको एउटा समस्या हो । यसलाई कम्युनिस्टहरूले गम्भीरतापूर्वक लिनुपर्दछ । इतिहासका कमीहरू सच्याउनु पर्दछ । यो कम्युनिस्ट आन्दोलनमा हल गर्नुपर्ने चुनौती बनेको छ । यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमै हल गरेर जानु पर्दछ ।

**(४) क्रान्तिकारी नेतृत्वको रक्षा**

क्रान्ति वा साम्यवादी सत्ता टिकाउन वा विकास गर्न नसक्नुको पछाडिको एउटा चुनौती क्रान्तिकारी नेतृत्वको रक्षा वा विकास गर्न नसक्नुमा रहेको छ । साम्राज्यवादीहरूले क्रान्ति दबाउन मुख्य नेतृत्वमाथि आक्रमण गर्दै आएका छन् । उनीहरूले ३ प्रकारले आक्रमण गर्दै आएका छन् : पहिलो भौतिक रूपमा सिध्याएर (हत्या गरेर), दोस्रो गिरफ्तार गरेर (गोन्जालो बानाउने थेगो बनाएका छन्) र तेस्रो किनेर (उदाहरण : प्रचण्ड बनाएर) । लेनिनलाई क्रान्ति भएको एक वर्षमै गोली हाने । स्टालिनपछिको भाबी नेता किरोभलाई पार्टीभित्रैका घुसपैठियाहरूद्वारा गोली हानी मारे । स्टालिनको पनि अन्तिममा अस्वाभाविक मृत्यु भएको छ । माओलाई बम हानेर मार्न खोजियो । बोलिभियामा चेको हत्या, भारतमा चारु मजुम्दारको हत्या, टर्की कपाका ७ जना महासचिवहरूको हत्या र नेपालमा मदन भण्डारीसम्मको हत्या, प्रचण्ड-बाबुरामहरूको विचलन र आन्दोलनमा घुसपैठ, र अहिले विप्लव कमरेडलाई ' इन्काउन्टर' गर्ने वा गोन्जालो बनाउने सत्ताधारी कम्युनिस्ट नेताहरूको उद्घोषले साम्राज्यवादीहरू र तिनका दलालहरू कति क्रूर, अपराधी र हिंश्रक हुन्छन् भन्ने पुष्टि गर्दछ जसले अरूलाई हिंसावादी र आतङ्कवादी भन्ने गर्दछन् । क्रान्तिमा नेतृत्वको महत्वपूर्ण भूमिका हुने भएकाले उनीहरूले मुख्य नेतृत्वमाथि हमला गर्दै आएका छन् । त्यसैले हरकम्युनिस्टहरूको पहिलो कार्य नेतृत्वको रक्षा गर्नुमा रहेको छ । नेतृत्वको रक्षा विचार र क्रान्तिको रक्षा गर्नु पनि हो ।

**(५) कमरेड स्टालिनको रक्षा**

यतिबेला कमरेड स्टालिनको निधन भएको ६७ वर्ष बितेको छ तर विश्व-कम्युनिस्ट आन्दोलनमा कमरेड स्टालिनमाथि बाहिर साम्राज्यवादी-पुँजीवादीहरूबाट र भित्र संशोधनवादी-संसद्वादी-अवसरवादीहरूबाट चौतर्फी हमला भैरहेको छ । उहाँलाई हत्यारा, तानाशाह, जँड्याहा भनेर गाली गर्ने कुनै शब्द बाँकी राखेनन् । वास्तवमा स्टालिन महान् हुनुहुन्थ्यो । उहाँ नभएको भए लेनिनको मृत्युपछि नै सोभियत सङ्घमा कम्युनिस्ट सत्ता उल्ट्याउने खतरा पार्टीभित्रैबाट थियो । पार्टीबाहिरबाट संसारभरिका पुँजीवादी-साम्राज्यवादीहरूको घेराबन्दी र आक्रमण, नाजीवादी हिटलरको आक्रमणले सोभियत सङ्घ ध्वस्त हुने खतरा थियो । साथै उहाँले चौथो अन्तर्राष्ट्रियको आधारका रूपमा अन्तर्राष्ट्रिय सूचना केन्द्र (कोमिन्फर्म) गठन गरेर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई पनि एक हदसम्म एकीकृत (ग्लषष्मम) गर्नुभयो । पछिल्लो चरणमा उहाँकै सहयोगमा कमरेड माओले चीनबाट अमेरिकी सेनालाई हटाउन सफल हुनुभयो । क्रान्तिकाल र क्रान्तिपछि आर्थिक सङ्कटको बेला सोभियत सङ्घ र क. स्टालिनले माओलाई गरेको सहयोग महत्वपूर्ण छ । चारैतिरको घेराबन्दी र नाकाबन्दी हुँदाहुँदै पनि एक्लै ३५/३६ वर्ष सर्वहारा वर्गको सत्ता टिकाउनु सामान्य थिएन । भेनेजुयला र बोलिभियामा चुनाव जितेर आएका राष्ट्रपतिलाईसमेत अपदस्त गरे । नेपालमा नाम मात्रको कम्युनिस्ट, त्यो पनि उनीहरूकै 'डिजाइन'मा बनेको दलाल सरकार केपी-प्रचण्डहरूलाई समेत सत्तामा टिक्न, खान दिइरहेका छैनन् भने स्टालिनले त्यो बेला समाजवादी सत्ता कसरी टिकाउनुभयो होला ‼ चानचुने चुनौती थिएन । त्यो स्टालिन भएर मात्र टिकाउनुभएको थियो । स्टालिनले पार्टीभित्र र बाहिरका दुस्मनहरूलाई बेलैमा तह नलगाएको भए न आफू रहनुहुने थियो, न पार्टी र सोभियत सत्ता नै रहने थिए । उहाँले सम्पादन गरेका यी महान् कार्य सिङ्गो विश्व-कम्युनिस्ट आन्दोलनका लागि महान् कार्य थियो । उहाँ आन्तरिक र बाह्य दुस्मनका लागि साँच्चै नै लौहपुरुष हुनुहुन्थ्यो । त्यसकारण उहाँमाथि सबै प्रकारका क्रान्तिका दुस्मनहरू खनिएका हुन् । यसर्थ उहाँमाथिको आक्रमणको प्रतिपाद गर्नु र स्टालिनको रक्षा गर्नु अहिले क्रान्तिकारीहरू, कम्युनिस्टहरूको अहम् दायित्व बनेको छ । यसबारे पनि आठौँ महाधिवेशनले महत्वपूर्ण संश्लेषण गरेको छ ।

**(६) महान् सर्वहारा सांस्कृतिक क्रान्तिको रक्षा**

चीनमा कमरेड माओले सन् १९६६-७६ सम्म चीनको समाजवादी सत्तामा आएका पुँजीवादी विकृति र खराबीहरू हटाउन र पार्टी र सत्तामा शुद्धीकरण गर्न ' महान् सर्वहारा सांस्कृतिक क्रान्ति' सञ्चालन गर्नुभयो । यो अभियान चीनको मात्र मामिला थिएन । सोभियत सङ्घमा क. स्टालिनको निधनपछि भित्रैबाट संशोधनवादीहरूले सत्ता हत्याएपछि चीनका सन्दर्भमा यो घटना दोहोरिन नदिन निरन्तर क्रान्तिका रूपमा क. माओले महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभयो । दुःखको कुरा यसलाई पूर्णता दिन नपाउँदै उहाँको निधन भयो । यसपछि फेरि चीनमा पनि दक्षिणपन्थी संशोधनवादीहरूले सत्ता हत्याए । आज यसलाई हेर्ने, बुझ्ने मामिलामा पनि दुई भिन्न दृष्टिकोणहरू छन् : एउटा दृष्टिकोण यो सही थियो, महान् कार्य थियो र क्रान्तिकारी कदम थियो भन्ने । दोस्रो दृष्टिकोण यो गलत र विकासविरोधी थियो भन्ने । यसमा पहिलो क्रान्तिकारी दृष्टिकोण हो भने दोस्रो संशोधनवादी र क्रान्तिविरोधी दृष्टिकोण हो । आज संसारभरि क्रान्तिकारीहरूले यसको समर्थन मात्र होइन, यसको औचित्य, आवश्यकता र अनिवार्यतामा जोड दिनुपर्छ र दिँदै आएका पनि छन् भने संशोधनवादी, अवसरवादीहरूले यसको विरोध गर्दै आएका छन् र माओलाई गलत साबित गर्ने कोसिस गरिरहेका छन् । हाम्रो पार्टीको आठौँ महाधिवेशनले पहिलो दृष्टिकोणलाई अघि सार्दै क्रान्तिकारीहरूले यसको रक्षा मात्र होइन, विकास गरेर जानुपर्नेमा जोड दिएको छ । आज सिङ्गो विश्व-कम्युनिस्ट आन्दोलनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति प्रतिक्रान्ति रोक्ने 'निरन्तर क्रान्तिको सिद्धान्त' का रूपमा स्थापित भएको छ । यसको रक्षा क्रान्तिकारी कम्युनिस्टहरूको आजको कार्यभार बनेर आएको छ ।

**७) विचारको रक्षा**

कम्युनिस्ट विचार र क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको रक्षा आन्दोलनको अर्को अहम् प्रश्न हो । अहिले सिङ्गो कम्युनिस्टहरूमाथि चौतर्फी हमला भइरहेको छ । कम्युनिस्ट आन्दोलनमा एकातिरबाट 'इतिहासको अन्त्य भयो' भनेर मार्क्सवादमाथि आक्रमण गरिरहेका छन् भने अर्कोतिर 'साम्यवादको मृत्यु भयो' भनेर सिङ्गो सिद्धान्तमाथि आक्रमण छ । यतिबेलाको कम्युनिस्टहरूको चुनौती भनेको वैचारिक र सैद्धान्तिक क्षेत्रमा पनि ' एकीकृत प्रत्याक्रमण' को रहेको छ । पुँजीवादी बुद्धिजीवीहरू बलबुताले भ्याएसम्म कम्युनिजम र समाजवाद-साम्यवादमाथि हमला गरिरहेका छन् । यो बेला कम्युनिस्टहरू पनि एकीकृत र एकजुट भएर प्रतिवाद र प्रतिहमला गर्नुपर्नेछ तर यसमा पनि टुक्रे हमला भैरहेको छ । यसबेला हो वाम बुद्धिजीवीहरूको आवश्यकता । यो पनि 'आषाढ महिनाको खडेरी' जस्तो बनेको छ । कम्युनिस्टहरू अधिनायकवादी, तानाशाही हुन्छन् भनेर एकातिर कम्युनिस्टविरोधीहरूले कम्युनिस्टको बदनाम गर्दै हिँडेका छन् भने अर्कोतिर कम्युनिस्ट नामधारीहरू सत्तामा पुगेर कम्युनिस्टको बदनाम गरिरहेका छन् । त्यति मात्र होइन, क्रान्तिकारी कम्युनिस्ट पार्टी र त्यसका नेताहरूमाथि बोल्न, लेख्न, जनतामाझ विचार लैजानसमेत प्रतिबन्ध लगाउँछन् । यतिले पनि नपुगेर झूट्टा मुद्दा लगाउने, आतङ्ककारी, अपराधीका नाममा हत्या गर्ने, जेल हाल्ने, प्रतिक्रियावादी संसदीय व्यवस्थाको रक्षा र सुदृढ गर्नेजस्ता घोर प्रतिक्रियावादी क्रियाकलाप गरिरहेका छन् । यसले जनतामा कम्युनिस्टप्रति तीव्र वितृष्णा र घृणा पैदा गर्ने काम यी संसद्वादी 'सामाजिक दलाल पुँजीवादी' कम्युनिस्टहरूबाट भैरहेको छ । यसबाट आमजनतालाई सचेत बनाउनु, क्रान्तिको रक्षा गर्नु र क्रान्तिकारी विचारको रक्षा गर्नु अहिले विश्वभरिका कम्युनिस्टहरूको साझा अभिभारा बन्न आइपुगेको छ । हाम्रो पार्टीमाथिको प्रतिबन्धको एउटा मुख्य कारण यो पनि हो ।

**(८) अन्तर्राष्ट्रिय नेतृत्वको खाँचो**

जसरी आज उत्तरसाम्राज्यवादले 'पुँजीवादी विश्वव्यवस्था' चलाइरहेको छ र साना राष्ट्रहरूलाई सङ्घीय एकाइका रूपमा परिचालित गरेको छ त्यसको विकल्पमा कम्युनिस्टको अन्तर्राष्ट्रिय संस्था र नेतृत्व आजको क्रान्तिको आवश्यकता हो । अहिले विश्वक्रान्ति पछि पर्नुको एउटा कारण- साम्राज्यवाद उत्तरसाम्राज्यवादको विशेषतामा आउने तर हामी कम्युनिस्टहरू लेनिन, माओको जमानाभन्दा पनि पछौटे हुनु हो । कुनै बेला मार्क्स-एङ्गेल्सले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्नुभयो । उहाँहरूले आफ्नो समयको बौद्धिक र साङ्गठनिक नेतृत्व गर्नुभयो । उहाँहरूको शेषपछि कमरेड लेनिनले आफ्नो कालको सफलतापूर्वक नेतृत्व गर्नुभयो । कमरेड स्टालिनका बारेमा माथि पनि उल्लेख गरियो- उहाँ नभएको भए लेनिन नै अपूर्ण हुनुहुने थियो । उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय पहल र नेतृत्व कुशलतापूर्वक गर्नुभयो । त्यसपछि कमरेड माओले यस कार्यलाई अझ माथि उठाउनुभयो तर उहाँको शेषपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन टुक्राटुक्रामा टुक्रियो, छिन्नभिन्न भयो । यसलाई सङ्गठित र एकीकृत गर्न नसक्नु कम्युनिस्टहरूको समस्या रह्यो । यसलाई सङ्गठित गर्ने र आजको साम्राज्यवादको चुनौतीको सामना गर्ने नेतृत्व र विचार निर्माण आजको टड्कारो समस्या हो । यसको हल गर्ने पहलकदमी हाम्रो पार्टी र नेतृत्वले लिइरहेको छ । साम्राज्यवादको आजको विशेषतालाई नबुझीकन यो पहल र यो कार्य अधुरो हुन्छ । हाम्रो पार्टीले अगाडि सारेका कतिपय विषयहरू साम्यवादी सिद्धान्तलाई प्रयोग गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय महत्वका पनि छन् र ती सम्भवतः कम्युनिस्ट अन्तर्राष्ट्रिय निर्माणको प्रारम्भिक पहलका रूपमा पनि लिन सकिन्छ । यसले भविष्यमा अन्तर्राष्ट्रिय नेतृत्व र विचार निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

**९) कम्युनिस्टहरूको कार्यभार**

कम्युनिस्टका नाताले हरेक कम्युनिस्ट र कम्युनिस्ट पार्टीका दुईटा अभिभारा हुने गर्दछ : पहिलो आफ्नो देशमा क्रान्ति सङ्गठित गर्नु र यसको नेतृत्व गर्नु, दोस्रो यसलाई अन्तर्राष्ट्रिय आन्दोलनसँग जोड्नु र विश्व-कम्युनिस्ट आन्दोलनको सेवा गर्नु । हरेक देशको कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अङ्ग हुन्छ । त्यसैले आफ्नो देशको क्रान्तिका बारेमा सोचिरहँदा यसलाई अन्तर ष्ट्रिय कम्युनिस्ट आन्दोलनसँग जोड्ने कुरा पनि बिर्सनु हुँदैन । आफ्नो देशको मात्र सोच्नु अन्धराष्ट्रवाद वा कूपमण्डुकतावाद हो । हामीले नेपाली क्रान्तिका बारेमा छलफल गरिरहँदा विश्वक्रान्तिका विषयमा पनि पर्याप्त ध्यान दिने प्रयास गरेका छौँ । आज नेपालमा अचम्मको एउटा दृश्य देख्न पाइन्छ । सरकार

... बाँकी पृष्ठ ६ मा

# दलाल पुँजीवादविरुद्ध मजदुर सङ्घर्ष



विनोद थापा

कुनै बेला उपत्यकामा मात्र झन्डै ४५ हजार मजदुर पार्टी सदस्य र लाखौँ मजदुरहरू पेसागत सङ्गठनको सदस्य रहेको तथ्य पेस गर्ने पुराना मजदुर सङ्घ, सङ्गठन र तिनका मजदुर नेताहरूले पार्टी नेतृत्वसामु सफेद झूटका दलिल पेस गर्थे । त्यस्ता मनगढन्ते रिपोर्टका आधारमा नेतृत्वले योजना निर्माण गर्दथ्यो जसले गर्दा उद्देश्य प्राप्त गर्न सकिँदैनथ्यो । फलस्वरूप आफ्नो आन्तरिक तथा बाह्य कारणले मजदुर आन्दोलन विसर्जन र विघटित भएको तीतो यथार्थ हामीले भोग्दै आयौँ । तिनीहरू यतिखेर संसद्वादमा पतन भइसकेका छन् ।

परिस्थिति फरक बनेको छ । विगतका भन्दा राजनीतिक कोर्स बदलिएको छ । हन्डर र ठक्करको बीचबाट सङ्गठनले आफ्नो त्राण बचाउँदै पार्टीको नवीनतम कार्यदिशा एकीकृत जनक्रान्तिको बाटो हुँदै वैज्ञानिक समाजवादको लक्ष्य प्राप्त गर्ने उद्देश्यका साथ समर्पित भैरहेका छौँ । यात्रा कठिन छ तर क्रान्तिकारीको निर्विकल्प गन्तव्यमा हरेश नखाई लाग्नुको कारण श्रमजीवी वर्गको भविष्य यसमै अन्तर्निहित छ । मुलुक असफल संसद्वादी व्यवस्थाको भुमरीमा फसेको बेला राजनीतिक, आर्थिक, सामाजिक मूल्यमान्यताहरू ध्वस्त भए । हिजोका अब्बल क्रान्तिकारीहरू प्रतिक्रान्तिका मतियार बनिसकेका छन् । देशमा अनिष्टको सङ्केत देखा पर्दैछ जसले अहिलेको राजनीतिक प्रणाली नै ठीक छ भनी दाबी गर्नेहरूबाट नै फुत्केको असन्तुष्टिको स्वर बजारमा छाताछुल्ल सुन्न सकिन्छ । तसर्थ हामी न्यायप्रेमी, उत्पीडित मजदुर वर्गको हिस्सा हुनुको कारण नेपालमा सबै वर्ग, क्षेत्र, लिङ्गका जनताहरूले स्वतन्त्रता, न्याय, समानता र अधिकार प्राप्त गरिसके ? किमार्थ छैनन् तर हामीमा केही भ्रम भने पक्कै परेको छ । त्यो हो संसद्वादको भ्रम जुन कुराले हामीमा केही कुण्ठा र भयले मन र मस्तिष्कलाई गिजोलिरहेको छ । आशा र विश्वासमा सङ्कट पैदा भएको छ । लक्ष्य र उद्देश्यप्रति उदासीन त भैरहेका छैनौँ ? यसबारेमा हाम्रो सङ्गठन चनाखो बन्न जरुरी छ । हामी पूर्ण सचेत भएनौँ भने भावी पुस्ताले हामीलाई दुत्कार्नेछ । तर यो हुन दिनेछैनौँ ।

अहिलेको शताब्दीमा मानवीय मूल्यमान्यतामाथि दलाल पुँजीवादी हस्तक्षेप झन् निकृष्ट रूपमा बढेको छ । न्यूनतम् बाँच्न पाउने अधिकारमाथि हमला भैरहेको छ । नरकको जीवन बाँच्न बाध्य बनाइरहेका यी दलालहरूले कथित व्यवस्था लाद्नेछन् । बेलैमा सचेत भएनौँ भने श्रमिक, मजदुरमाथि शोषणका विभिन्न प्रपञ्च अपनाउनेछन् जसको कारण आधुनिक दास बन्नुबाहेक हामीसँग अन्य विकल्प रहनेछैन । त्यसैले आमश्रमिक वर्गले श्रम क्षेत्रमा हुने गरेका विभेद, अन्याय र अत्याचारका विरुद्ध लडेनौँ भने श्रमशक्तिलाई चरम दुरुपयोग गर्ने निश्चित छ । मुठीभर दलालहरूले मजदुरलाई स्वचालित यन्त्र मानवलाईजस्तै जोताउनेछन् । पुँजीवादी सत्ताधारीले मानवअधिकार, कानुनी राज्य र प्रजातान्त्रिक मूल्यमान्यताको धज्जी उडाउनेछन् जो अहिले श्रमिक मजदुरले प्रत्यक्ष जीवन व्यवहारमा भोगिरहेका छौँ ।

मजदुर तथा श्रमिक मित्रहरू ! यतिबेला नेपालको दलाल पुँजीवदी चरित्रको राज्यसत्ता सामाजिक फासिस्ट सरकार र त्यसको निर्देशनमा सञ्चालित कथित औद्योगिक घरानाका मालिकहरूबाट श्रमिक मजदुरमाथि मजदुरविरोधी श्रम ऐनका दफा प्रयोग गर्दै प्राकृतिक महाविपत्तिका रूपमा देखिरहेको कोरोना भाइरस (कोरोना १९) को महामारीलाई देखाउँदै मजदुरलाई रोजगारबाट निष्कासन गर्ने खाइपाइ आएको तलबसुविधा कटौती गर्ने जागिरबाट निकाल्नेजस्ता अमानवीय कार्य बढाइरहेका छन् । अझ दुःखलाग्दो र घिनलाग्दो काम भने कथित मजदुर सङ्गठनका भ्रष्टाचारी नेतृत्वहरूले मालिकको पक्षपोषण गर्दै उनीहरूबाट गरिरहेको मजदुरविरोधी सम्झौतामा हस्ताक्षर गर्दै आफू मालिकको भरथेग गर्ने भरौटे हौँ भन्ने पुस्टि गरिरहेका छन् । उनीहरूको गलत गतिविधि र अभिव्यक्ति श्रमिकविरोधी त छँदैछ । क्रान्तिकारी तथा प्रगतिशील ट्रेड युनियन महससङ्घ एवम् पेसागत सङ्गठनहरूमाथि कुण्ठाले भरिएका आलोचना र घुमाउरो पाराले पुँजीपति वर्गको न्यानो काखको अपेक्षाबाट नै प्रस्ट भैसकेको विषय हो ।

प्रकृतिप्रदत्त अधिकारमाथि सबैको बरबरी हक हुन्छ । पृथ्वीमा उत्पत्ति भएका सम्पूर्ण साधन-स्रोतमाथिको सामूहिक स्वामित्वलाई निजी हित अर्थात् व्यक्तिगत मुनाफाका लागि परिचालन गरिरहेको पुँजीवाद भूमण्डलीकृत हुँदै बहुराष्ट्रिय निगम र दलाल पुँजीवादका रूपमा फैरिँदा त्यसले मच्चाइरहेको उद्दण्डताको सिकार श्रमजीवी मजदुरले हुनुपरेको छ । शोषणका बहुरङ्गी नखरा देखाइरहेका दलाल व्यवसायीहरूबाट दिनदहादै मजदुर लुटिँदा पनि सरोकारवाला निकायहरूको मौनताले पुँजीपन्थीहरू कतिसम्म निच छन् भन्ने कुरा उनीहरूको चलखेलबाट थाहा हुन्छ ।

प्राकृतिक, मानवीय विपत्मा पनि मजदुरमाथि अन्याय थोपर्ने शासक विगत भुल्दै गरिब जनताको झुपडी जलाइरहेका छन् । कतिलाई उठीबास लगाइसके । सामान्यतया सबै पुँजीवादी विकास सामन्तवादको गर्भबाट भएजस्तै समाजवाद पनि पुँजीवादकै गर्भबाट विस्फोट हुनेछ तर क्रान्तिकारी सचेत पहलकदमीको आवश्यकता पर्दछ । इतिहास साक्षी छ जुन बेला सर्वहारा मजदुरले सामन्तवादका विरुद्धको लडाइँमा पुँजीपतिलाई साथ दिए विभिन्न देशहरूमा पुँजीवादि क्रान्ति सफल भए तर उनीहरूले मजदुर-किसानलाई धोका दिए जसले गर्दा उनीहरूको चिहान खन्नुपर्ने अवस्था आयो । अहिले तिनै वर्ग श्रमिकमाथि दुर्व्यवहार गर्दै आफ्नो स्वार्थ पूर्ति गर्न मानवीय मूल्य-मान्यतामाथि नरसंहार र वितण्डा मच्चाइरहेका छन् । दूधको साक्षी बिरालो भनेझैँ डबल नेकपा कम्युनिस्ट नामको सरकारले कोरा कल्पना बाँड्दै सामाजिक सुरक्षावापत १ प्रतिशत रकम कट्टी गर्न थालेयता २०७५ मङ्सिरमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषको घोषणा गरिँदा नयाँ युगको सुरुआत भयो, अब कोही मजदुरले भोकै मर्नु पर्दैन भनेर प्रचार गरियो । आज तिनै मजदुर भोक र प्यासले छट्पटाउँदै रोदन र क्रन्दनका पीडा पोखिरहेका छन् । कुरोको चुरोमा नपुग्ने, प्रचारबाजीमा रमाउने केपी-पीकेमण्डली भ्रष्टाचार, कमिसन, राज्यकोषको चरम दुरुपयोगमा लिप्त छ । श्रमिक जनताको पसिनाको कमाइको करबाट तलबभत्ता, सेवासुविधा खाने शासक-प्रशासक न्यायोचित आवजलाई दबाउने र निरङ्कुशता लाद्न उद्यत छन् । उनीहरूले भन्ने कानुनी राज्य मानवअधिकारको बर्खिलाप गर्दै बाँच्न पाउने अधिकारमाथि हनन गरिरहेका छन् । हाल २० लाखभन्दा माथिको सङ्ख्यामा मजदुरहरू बेरोजगार बन्न पुगेका छन् । चोर दुलोबाट फाइदा लिन पल्केको पुँजीपति वर्ग अर्थात् दलाल तत्व यस्तो विपत् र दुःखको बेला पनि शोषित-पीडित मजदुरलाई बर्खास्त गर्ने, रोजगारबाट विस्थापित गराउने निकै निन्दनीय कार्य गर्दै आइरहेका छन् ।

२०७२ सालको महाभूकम्पको बेला होस् वा कोरोना भाइरसको महामारीमा होस्, विभिन्न बहाना बनाई श्रमिक कटौती गरिरहेका छन् । बिचौलिया ट्रेड युनियनहरू तिनै मजदुरको आँसु र पसिनाको व्यापार गरिरहेका छन् । प्रतिनिधिमूलक घटना उपत्यकालगायत नेपालका मुख्य सहरहरूमा देखिन थालेको छ । मालिकहरू मजदुरलाई तलबभत्ता खुवाउन सकिँदैन भन्ने, सरकारसँग बार्गेनिङ गर्ने, उनीहरू नै पुनर्कर्जाको माग गर्ने, कर छूटको अपिल गर्ने तर आफ्नै कारखाना, उद्योग, प्रतिष्ठानमा काम गर्ने श्रमिकमाथि दुर्व्यवहार गर्नेजस्ता अमानवीय काम दलाल पुँजीपतिहरूबाट भैराखेको छ । तिनीहरूको भ्रष्ट मतिका कारण मजदुरले दुःख पाइरहेका छन् । श्रमिकको श्रम लगानी, पुँजीपतिको पुँजी लगानीको दुवैको बराबर स्वामित्व हुनुपर्नेमा एकछत्र पुँजीपतिहरूको श्रम क्षेत्रमा रजाइँ छ । यिनै दलालहरूको रक्षक राज्य प्रशासन हुने गर्दछन् तर आममजदुरको श्रम अभ्यास गर्न पाउने कानुनी अधिकारको रक्षा गर्ने दायित्व कसको हो ? यतिविघ्न मजदुरमाथिको ज्यादतीमा किन राज्य मूकदर्शक छ ? किनकि राज्यको कानुन मजदुरको हितमा छैन । राज्यसत्ता वर्गविरोधीको हातमा छ । देश बिचौलियाहरूबाट सञ्चालित छ । शोषितपीडितले न्यायनिसाफ नपाउने मुख्य कारण नै यही हो । जबसम्म भिजिलान्ते सङ्घसङ्गठनको ज्यादतीविरुद्ध प्रतिवाद गर्न सक्दैनौँ आमश्रमिक भ्रमपूर्ण जीवन बाँच्न बाध्य हुनेछन् । यतिबेला मुलुकमा छरिएर रहेको श्रमजीवीको सहारा भनेको सङ्घर्षको बल हो । अधिकारको लडाइँमा सामेल हुनु न्यायका लागि विद्रोह गर्नु हो ।

श्रम ऐन-कानुनमा भएका सकारात्मक पक्षलाई कार्यान्वयन गराउन जोड दिनु, मजदुरविरोधी ऐनका दफाहरू खारेज गर्न सङ्घर्ष गर्नु र नयाँ कानुन बनाउने दिशामा अगाडि बढ्नु आवश्यक छ । मजदुर सङ्गठन भनेको आमश्रमिकको मेरुदण्ड हो । जबसम्म अन्यायका विरुद्ध लड्ने संस्कारको विकास हुँदैन, नीतिगत विषयहरू ओभेलमा पर्नेछ । हाम्रो मौनताको फाइदा उठाउँदै कथाकथित मजदुरविरोधी सङ्गठनहरूले दिउँसै रात पार्ने भ्रम दिने कोसिस गरिराखेका छन् । कथित मालिकहरू

... बाँकी पृष्ठ ७ मा

# सत्ताधारी पार्टीमा पुरानो इवि र बदलाको राजनीति पार्टी-सत्ता र राज्य-सत्ता झगडाको केन्द्रबिन्दु

कम्युनिस्ट विचार, सिद्धान्त, राजनीति, व्यवहार सबै तिलाञ्जली दिएर दलाल पुँजीवादी पार्टी बनिसकेर पनि नाउँको अगाडि नेकपाकै फुँदो झुन्ड्याइरहेको सत्ताधारी पार्टीभित्र चार नेताबीच एकले अर्कोसँग पुरानो इवि साध्ने र बदला लिने तिकडम बढिरहेको रहस्य आआफैँले उद्घाटन गर्न थालेका छन् । सत्ताधारी पार्टीका द्वितीय अध्यक्ष पुष्पकमल दाहालले एउटा सार्वजनिक कार्यक्रममा प्रथम अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी वलीले पुरानो इवि साधेको बताएका छन् भने वलीले पेलेर भित्तामा पुऱ्याएका पूर्वएमाले नेताहरू माधव नेपाल र झलनाथ खनालले वलीसँग सहकार्य गर्न धेरै गाह्रो भइरहेको अभिव्यक्ति दिएका छन् । उता केपी वलीले भने आफूले गरेका 'राम्रा काम' देखिनसहेर अरू नेता आफूमाथि खनिएको बताउँदै आएका छन् । यी अभिव्यक्तिहरूले पनि सत्ताधारी दलभित्रको रडाको विचार, सिद्धान्त, राजनीतिमा नभएर सत्तामा पहुँच र इवि साध्नमै केन्द्रित रहेको देखिन्छ ।

यद्यपि नेपालको पनि केन्द्रीय राजनीतिको मियो सत्ता लुछाचुँडी र पद हत्याउने विषयलाई नै केन्द्रमा राखेर घुम्ने गरेको छ । सामन्ती व्यवस्थामा मौलाएको यो राजनीति दलाल पुँजीवादी व्यवस्थामा पनि उत्कर्षमै पुगेको देखिन्छ । राणा शासनदेखि सक्रिय राजन्त्रात्मक व्यवस्था र त्यसयताका संसदीय व्यवस्थाहरूमा बनेका सरकार र ती सरकार चलाउने नेताहरूबीच कहिले के बहाना र कहिले के बहानामा सत्ताराजनीति नै हावी भएको देखिन्छ । काङ्ग्रेसभित्र गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाबीचको सङ्घर्ष अहिले देउवा र रामचन्द्र पौडेलबीच केन्द्रित भएको छ भने पूर्वदरबारिया पार्टीहरू अमिबाजस्तै कहिले जोडिने र कहिले टुट्ने गर्दै आएका छन् । मधेसवादी भनेर चिनिएका तराईकेन्द्रित क्षेत्रीय समूहहरूले त सत्ताराजनीतिलाई नै केन्द्रमा राखेर विभाजन र एकताको रेकर्ड नै तोडिसकेका छन् ।

यता बहालवाला सत्ताधारी पार्टीका नेताहरू मियो नभएको गोरुझैँ कहिले यो छेउ त कहिले ऊ छेउ पुग्ने गरेका देखिन्छन् । वास्तवमा बहुदलीय जनवाद र जनताको जनवाद कुनै वैचारिक-सैद्धान्तिक बहसका विषय नै होइनन् । यी दुवै बुर्जुवा पुँजीवादी कार्यशैलीहरू मात्र हुन् । रुसलगायत पूर्वसमाजवादी देशहरूमा प्रयोग भएर बासी भइसकेको बहुदलीय जनवाद वा प्रतिस्पर्धात्मक संसदीय राजनीतिलाई एमालेले कम्युनिज्मको जामा पहिऱ्याएर कम्युनिस्ट मतदाता बढी भएको मुलुकमा चुनाव जित्ने अस्त्र बनाएको छ भने मालेमावाद परित्याग गरेर घुइफिराई एमालेकै संसद्वादी पथमा ओर्लिएको पुष्पकमल दाहाल समूहको जनताको जनवाद पनि बहुदलीय जनवादकै पुष्पकमल दाहाल शैलीको रूपान्तर वा स्खलनबाहेक केही देखिँदैन । मार्क्सवादमा संशोधनवाद छिराएर लोकप्रिय बनेका मदन भण्डारीको संसद्वादी कार्यदिशाको भद्दा नक्कल गर्ने माधव नेपाल, झलनाथ खनाल वा केपी वलीहरूबीच कुनै वैचारिक, सैद्धान्तिक, राजनीतिक लडाइँ नै छैन, यिनीहरू त केपी वलीले लामो समयसम्म सरकार सञ्चालन गर्ने भए, आफ्नो गुटका नेता-कार्यकर्तालाई मात्र पोस्ने भए, आफ्नो र आफ्ना गुटको पालो नआउने भयो भन्ने चिन्ताले नै संसद्वादका नयाँ जोगी पुष्पकमल दाहालको फेर समात्न र सहारा लिन आइपुगेका हुन् ।

यसै क्रममा केपी वलीसँग पार्टीसत्ता र सत्ताको छिनाझपटीमा लागेका दाहाल समूहका तीन नेता दाहाल, नेपाल र खनाल सबैले केपी वलीसँग आफूहरूको सैद्धान्तिक, वैचारिक, राजनीतिक लडाइँ नभएको र कार्यशैलीको मात्र लडाइँ भएको बताएर प्रकारान्तरले सत्ता-सरकारमा जो भए पनि हुने त त्यही नै हो भन्ने प्रस्ट पारिदिएका छन् । वलीबाहेकको एउटा सार्वजनिक कार्यक्रममा तीनै नेताले बोलेको बोलीको कुल योगले वलीको तिकडम र कार्यशैलीसँगको सङ्घर्ष नै हो भन्ने देखाउँछ । सरकारी पार्टीका सञ्चारकर्मीसँग बुधबार भएको छलफलमा द्वितीय अध्यक्ष दाहाल, झलनाथ खनाल र माधवकुमार नेपालले पार्टीमा विचार र नीतिभन्दा विधि र पद्धतिका लागि सङ्घर्ष भइरहेको भन्दै वलीविरुद्धको सङ्घर्ष कायम रहने झिनो आशा व्यक्त गरे ।

कार्यक्रममा सहभागी नेताहरूले केपी वली र प्रचण्डको बीचमा पदको लडाइँ हो भन्ने प्रचार भइरहेको भन्दै ती नेताले त्यसको खण्डन गरेका थिए । 'पार्टीभित्रको बहसलाई जसरी पदका निम्ति छिनाझपटी हो कि भनिएको छ, त्यो होइन', दाहालले भनेका थिए । आफूहरूले नेतृत्व लिन नभई पद त्यागका रूपमा पार्टी एकता गरेको र मङ्सिर ४ मा आलोपालो सरकार चलाउने सहमति पनि छोडेको दाहालको दाबी थियो । उनले भने, 'मैले त उदारतापूर्वक र झमेला पनि हुने देखेर सहमति गरेको हुँ । मलाई त प्रधानमन्त्री हुने हतारो पनि छैन, रुचि पनि छैन ।' सबैलाई थाहा भएको कुरा हो- दाहाल जे भन्छन् त्यो गर्दैनन् र जे भन्दैनन् त्यो गर्छन् । नेकपा (माओवादी) विभाजनको समयमा पनि उनले कार्यकर्ताहरूलाई आफू अझै विद्रोह गरेर कम्युनिस्ट सत्ता स्थापना गर्न दृढ रहेको बताएका थिए तर उनले हिजो आफैँले प्रतिक्रियावादी घोषणा गरेको एमालेमा लगेर गौरवशाली इतिहास बोकेको पार्टीलाई विलीन गराइदिए । हिजो चुनाव हारेको झोकमा एमालेमा पार्टी विलय गराउन आफूले गरेको निर्णय आज उनैलाई भालुको कन्पाटोजस्तै भएको छ ।

उक्त कार्यक्रममा तीन नेताले मार्क्सवाद-लेनिनवादका आधारमा निर्देशित पार्टी बनाउने कि बुर्जुवा मान्यतालाई पक्रिएर जाने ? भन्ने विषय उठाए पनि त्यो देखाउने दाँत मात्र भएको सबैको बुझाइ छ । उनीहरूले- पार्टीलाई निश्चित राजनीतिक मान्यतामा सङ्गठित गर्ने कि अराजक भीड बनाउने ?, पार्टीको अधीनमा व्यक्ति हुने कि व्यक्तिको अधीनमा पार्टी ?, विवेकले सत्ता चलाउने कि सत्ताले विवेक ?, सामूहिक निर्णय व्यक्तिगत उत्तरदायी कि व्यक्तिगत निर्णय को सामूहिक जिम्मेवारी ? भन्ने प्रश्न उठाएका थिए । यी प्रश्नहरूको कुल योग पनि राज्यसत्ता र पार्टीसत्ता दुवैतिर केपी वली समूहको हालीमुहाली रहेकाले त्यसका विरुद्धको झोक मात्र हो ।

उक्त कार्यक्रममा दाहालले पार्टीमा वलीसँग यस्तै विषयमा गम्भीर अन्तरसङ्घर्ष चलिरहेको बताएका थिए । दाहालले भनेका थिए, 'अहिलेको बहस पार्टीलाई विधि, पद्धति, विचारका आधारमा चलाउने हो कि पार्टी भनेको केही होइन, एकपटक निर्वाचित भएपछि नेता नै सबथोक हो भन्ने भन्ने बहस हो ।'

दाहालले मङ्सिर ४ गते आफूलाई कार्यकारी अध्यक्ष बनाउने सहमतिपछि आफूले स्थायी र केन्द्रीय समितिको बैठकको अध्यक्षता गरेको र दुवै बैठक सफल भएपछि केपी अत्तालिएर आफ्नो विरोध गरेको बताए । वलीका लागि ती दुवै बैठकका निर्णय विडम्बना बन्न पुगेको र अब आफूहरू रक्षात्मक हुने भयौँ भनेर वली समूहले भेला गरी पोलिसी सिफ्ट गरेको बताएका थिए । उनले भनेका थिए, 'पूर्वएमालेहरूलाई एक बनाउनुपर्छ । पूर्वमाओवादीमा पनि तान्नुपर्छ र प्रचण्डमाथि आक्रमण गर्नुपर्छ भनियो ।'

त्यही रणनीतिअनुसार वलीले पार्टी सचिवालयको निर्णयसमेत मान्दिनँ भनेको दाहालको भनाइ थियो । पार्टीमा बहस भइरहेका बेला आफूसँग बदला लिने गरी निर्णय हुन थालेको भन्दै दाहालले भने, 'मैले गरेका निर्णयहरू उल्ट्याउने, मसँग भेट्न गएकै कारण अपमानित गर्नेदेखि पार्टी बैठकमा कुर्सी हटाउने कामसमेत भयो ।' पार्टी बैठकमा अध्यक्षद्वयको कुर्सी हटाउनु प्रतीकात्मक विषय मात्र नभएको दाहालको ठम्याइ छ । कार्यक्रममा उनले भने, 'त्यो निषेधात्मक सोचाइ र अरूलाई अपमानित गर्दा आनन्द मान्ने प्रवृत्ति थियो ।'

पार्टीका अर्का अध्यक्ष वलीले पार्टी फुटका पक्षमा लगातार गतिविधि गर्दै आएको उनको भनाइ थियो । पार्टीमा बहस भइरहेका बेला निर्वाचन आयोगमा नेकपा एमाले दर्ता, जनताको बहुदलीय जनवादको नारा, दलाल र राष्ट्रवादीको नारा दिएर सडकमा नाराबाजी लगाउने गतिविधि त्यसको प्रमाण भएको दाहालको भनाइ थियो ।

कार्यक्रममा अर्का नेता माधवकुमार नेपालले भने विधानमै बहुमतको निर्णय, पार्टीको निर्णय हुने उल्लेख भएको स्मरण गराउँदै वली अल्पमतमा रहेकाले आफूहरूले भनेको मान्नुपर्ने धारणा राखेका थिए । उनले बैठकबाट डराउने नेता र पानीबाट डराउने किसानको काम छैन भन्दै स्थायी समितिको बैठक राख्न डराउने केपी वलीलाई व्यङ्ग्य गरेका थिए ।

# राजकुमार चेपाङको मृत्यु सैनिकको यातनाबाट भएको निष्कर्ष

मानवअधिकार तथा शान्ति समाज केन्द्रीय टोलीले चितवन राष्ट्रिय निकुञ्जको सुरक्षाका लागि खटिएका नेपाली सेनाका अधिकारीको यातनापछि मृत्यु भएका चितवनको राप्ती नगरपालिका २ का २४ वर्षीय राजकुमार चेपाङको परिवार र सरोकारवालासँग छलफल गरी राजकुमारको हत्या सैनिकको बर्बर यातनाकै कारण भएको निष्कर्ष निकालेको छ । समाजले दोषी सिपाहीको नाम सेनाले अझसम्म सार्वजनिक गर्न नदिएकाले उक्त घटना राणाशासन शैलीको रहेको भन्दै भर्त्सना पनि गरेको छ ।

चितवनस्थित मृतक राजकुमार चेपाङको घरमा शनिबार पुगेको शान्ति समाजको केन्द्रीय अनुगमन टोलीले मृतक राजकुमारका बाबुआमा, श्रीमती र अन्य सरोकारवालासँग उक्त घटनाको विवरण लिएको छ ।

शान्ति समाजका वरिष्ठ केन्द्रीय उपाध्यक्ष गोविन्द खनाल, केन्द्रीय सचिव बाबुहरि अचार्य र श्यामसुन्दर पराजुली, मानवअधिकार सञ्जाल चितवनका संयोजक राजेन्द्र पौड्यल, सञ्जालका विभागीय संयोजक कमल ढुङ्गानालगायत अधिकारकर्मी मृतकको घर पुगेर घटनाबारे जानकारी लिई छलफल गर्दा उक्त निष्कर्ष निकालेको समाचारमा जनाइएको छ ।

साउन १ गते राप्ती नदीमा माछा मार्न गएका राजकुमारसहित पाँचजनालाई निकुञ्जको सुरक्षामा खटिएका सैनिक जवानले क्रूरतापूर्वक यातना दिएका थिए । यातनाबाट गम्भीर घाइते भएका राजकुमारको स्वास्थ्य अवस्था जटिल बन्दै गएएपछि साउन ७ गते उनलाई उपचारका लागि भरतपुर अस्पताल पुऱ्याएको र उपचारकै क्रममा सोही राती उनको मृत्यु भएको थियो ।

अधिकारकर्मी संस्था शान्ति समाजको टोलीले मृतकका आफन्तका साथै घटनामा राजकुमारसँगै यातनाबाट घाइते भएका सन्तोष चेपाङसँग पनि भेटघाट गरेको छ । समाजका वरिष्ठ उपाध्यक्ष खनालले मृतकको घरपरिवार, घाइते, राप्ती नगरपालिकाकी प्रमुख प्रभा बरालसँगको भेटघाटमा राजकुमारलाई सेनाले बर्बर यातना दिएर हत्या गरेको बताएको प्राप्त समाचारमा जनाइएको छ ।

धुँगी खोज्न पुगेका चेपाङ समुदायका युवालाई चरम यातना दिएर हत्या गर्ने कार्य घोर अमानवीय र ढुङ्गेयुगजस्तै रहेको उनको भनाइ छ । लोकतान्त्रिक भनिएको व्यवस्थामा पनि अझै सेनाको दबदबा रहनु निकै गम्भीर विषय रहेको उनले बताएका छन् ।

# 'जुम्ला घटनाका मतियारहरूलाई उचित समयमा कारबाही हुन्छ'

नेकपा निकट युवा सङ्गठन नेपालले यही साउन २४ गते जुम्लाको तिला गाउँपालिका वडा नम्बर ०६ मा पार्टीकामको सिलसिलामा रहेको बेला उक्त वडाका जनप्रतिनिधि भक्तबहादुर रोकायाले ३० जना गुन्डा प्रयोग गरी आफ्नो सङ्गठनका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गराएको भन्दै गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

सङ्गठनका भेरी-कर्णाली ब्युरो संयोजक दीपले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो सङ्गठनका जुम्ला जिल्ला अध्यक्ष नवीन, नेकपाका जिल्ला सचिव उदय र पार्टी समर्थक सपनालाई दुर्व्यवहार गरी दलाल प्रहरीलाई सुराकी गरी पक्राउ गराइएको उल्लेख गरेका छन् ।

विश्वजगत् र नेपाल कोरोना भाइरसको महामारीले आक्रान्त भइरहेको यस दुःखद् समयमा पार्टीको नीतिअनुसार आफ्नो सङ्गठनले कुनै आक्रामक गतिविधि नगरेको बेला दलाल सत्ताका मतियारहरूले कोरोनाविरुद्ध आफ्ना संयन्त्र प्रयोग गर्नुको साटो सम्पूर्ण संयन्त्र जनताको आवाजलाई बन्द गर्न र आफ्नो भ्रष्ट कर्तुत ढाकछोप गर्न प्रयोग गरिरहेको दीपको विज्ञप्तिमा उल्लेख छ ।

जुम्लामा गराइएको उक्त घटनाको तीव्र घृणा र घोर भर्त्सना गर्दै गिरफ्तार गरिएकाहरूको बिनासर्त रिहाइको माग गरिएको छ । साथै जनताको आवाजलाई बन्द गर्ने दलालहरूलाई जनताले उचित समय आएमा कारबाही गर्ने चेतवनी पनि युवा सङ्गठनको विज्ञप्तिमा दिइएको छ ।

# विद्रोही नेकपाका कार्यकर्ता गिरफ्तार गराउन चुल्ठेमुन्द्रेको प्रयोग

■ रातोखबर संवाददाता/काठमाडौँ

**काठमाडौँ :** नेपाल कम्युनिस्ट पार्टी जुम्लाले प्रेस विज्ञप्ति प्रकाशित गरी साउन २४ गते राती तिला गाउँपालिका वडा नं. ६ घोडेगाउँमा निर्वाचित जनप्रतिनिधि भनिएका वडाध्यक्ष भक्तबहादुर रोकायाले आफ्नै नेतृत्वमा काङ्ग्रेसका गुन्डाहरू प्रयोग गरी जुम्लाका सेक्रेटरी राजबहादुर भाम 'उदय' र युवा सङ्गठन नेपाल जुम्लाका अध्यक्षनन्द तिरुवा 'नवीन' को साथमा रहेकी बहिनी सपनालाईघरमा खाना खाइरहेको अवस्थामा आपराधिक शैलीमा नियन्त्रणमा लिई घाइते बनाई प्रहरी प्रशासनमा बुझाएको घटनाप्रति गम्भीर आपत्ति र खेद प्रकट गर्दै बिनासर्त तत्काल रिहा नगरिए वर्गसङ्घर्ष चर्काउने गम्भीर चेतावनी दिएको छ।

इन्चार्ज विश्वासले जारी गरेको वक्तव्यमा राजनीतिक प्रतिशोधका आधारमा गुन्डा शैलीद्वारा आफ्ना चुल्ठेमुन्द्रेहरूलाई मदिरा सेवन गराई पार्टी इन्चार्जसहितलाई चन्दाको बहाना बनाई गिरफ्तार गराउनेहरूलाई सङ्घर्षका लागि तयार रहन पनि ललकार गरिएको छ।

विज्ञप्तिमा भनिएको छ, 'यही मिति २०७७ साउन २४ गते राती तिला गाउँपालिका वडा नं.६ मा पर्ने घोडेगाउँमा भएको अकल्पनीय घटनाले हाम्रो नेपाल कम्युनिस्ट पार्टी जिल्लासमिति जुम्लाको गम्भीर ध्यानाकर्षण भएको छ।कोभिड १९ ले देश र जनता सङ्कटमा भएको बेला जनतालाई चेतना दिँदै सङ्गठनात्मक कामकाजमा खटिएको बेला हाम्रो पार्टीका नेता-कार्यकर्तालाई साँझ ९ बजे नेपाली काङ्ग्रेसबाट निर्वाचित जनप्रतिनिधि भनिने तिला गापा वडा नं. ६ का वडाध्यक्ष भक्तबहादुर रोकायाले राजनीतिक प्रतिशोधका आधारमा गुन्डा शैलीद्वारा आफ्ना चुल्ठेमुन्द्रेहरूलाई मदिरा सेवन गराई हाम्रो पार्टी जिल्ला समिति जुम्लाका सेक्रेटरी क. राजबहादुर भाम 'उदय', युवा सङ्गठन नेपाल जुम्लाका अध्यक्ष क. नन्द तिरुवा 'नवीन' को साथमा रहेकी बहिनी क. सपनालाई घरमा खाना खाइरहेको अवस्थामा आपराधिक शैलीमा भक्तबहादुर रोकायाकै नेतृत्वमा २०-३० जना काङ्ग्रेसी गुन्डाहरूले नियन्त्रणमा लिई अशक्त घाइते बनाई आफ्नो अपराध लुकाउन चन्दाको बहाना बनाई प्रहरी प्रशासनलाई खबर गरी बुझाएका छन्। यस घटनाप्रति प्रहरी प्रशासनलाई गम्भीर हुन आग्रह गर्दै यस कायरतापूर्ण घटनाप्रति नेकपा जुम्ला खेद प्रकट गर्दछ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'उक्त घटनाको प्रमुख नाइके भक्तबहादुर रोकाया, मातृ पार्टी नेपाली काङ्ग्रेस जिल्ला समिति जुम्ला, उक्त पार्टीको नेतृत्व, तिला गाउँपालिकालगायतका जिम्मेवार निकायहरू घटनाको भागीदार हुनुपर्नेछ। अन्यथा वर्गसङ्घर्षको मैदानबाट दूलो मूल्य चुकाउनका लागि तयार हुन सम्बन्धित जिम्मेवार निकायलाई यसै प्रेस विज्ञप्तिबाट जानकारी गराउँछौँ। स्मरण रहोस्, न्याय र मुक्तिका लागि क्रान्तिकारीहरू जस्तोसुकै परिस्थितिको सामना गर्न तयार अवस्थामा हुने नै छौँ। जुम्ला जिल्ला प्रशासनको नियन्त्रणमा रहेका क्रान्तिकारी योद्धाहरूलाई बिनासर्त यथाशीघ्र रिहाइको माग गर्दछौँ।'

# मुख्यमन्त्री पोखरेलले गरे जनयुद्धका सहिद कृष्ण सेनको अपमान

दाङको लमही-घोराही-तुलसीपुर सडकलाई 'सहिद कृष्ण सेन मार्ग' नामकरण गरिसकिएको भए पनि हाल मुख्यमन्त्री शङ्कर पोखरेलको योजनामै उक्त नाम हटाएर गोरक्ष मार्ग नामकरण गरी जनयुद्धका सहिदको अपमान गरेका छन्।

जनयुद्धका सहिदलाई अपमान गरेको भन्दै मुख्यमन्त्री पोखरेलको व्यापक आलोचना भएको छ। २०६८ साल पुस ५ गतेको मन्त्रिपरिषद् बैठकले उक्त राजमार्गलाई 'सहिद कृष्ण सेन मार्ग' नामकरण गर्ने निर्णय गरेको थियो तर मन्त्रिपरिषद्को निर्णयविपरीत पोखरेलले राजनीतिक पूर्वाग्रहका आधारमा सहिद कृष्ण सेनको अपमान हुने गरी कृष्ण सेन मार्गको नाम हटाई गोरक्ष मार्ग बनाएका हुन्।

दाङ जिल्लासभाको बुधबारको बैठकले 'सहिद कृष्ण सेन मार्ग' को नाम फेरेर गोरक्ष मार्ग नामकरण गर्ने निर्णय गरेपछि दाङलगायत जिल्लाबाट उक्त निर्णयको विरोध भएको हो। घोराही-लमही सडकसमेत पर्ने गरी जिल्लासभाबाट नयाँ नाम प्रस्ताव गरिएकाले चौतर्फी विरोध भएको समाचारमा जनाइएको छ। जिल्लासभाको निर्णयको विरोधसँगै जनस्तरबाटै 'सहिद कृष्ण सेन मार्ग' नाम कार्यान्वयन गर्न सुरु गरिएको पनि प्राप्त समाचारमा उल्लेख छ।

जनयुद्धका नायक भनिएका प्रचण्ड पुष्पकमल दाहालमा 'पुनर्मुसिको भवः' भएपछि जनयुद्धका सम्पूर्ण संरचना र निर्माण समाप्त हुँदै गएका छन्। जनयुद्धका सहिदहरूलाई अझसम्म राष्ट्रिय सहिद घोषणा गरिएको छैन तर दाहाल प्रधानमन्त्री भएको समयमै सामान्य दुर्घटना वा झडपमा परेर मारिएका गैरराजनीतिक घटनाका व्यक्तिहरूलाई पनि सहिद घोषणा गरिएको भन्दै व्यापक आलोचना सुरु भएको थियो। स्मरणीय छ, काङ्ग्रेस र एमाले त यसअघिदेखि नै जनयुद्धका विरासत मेट्न लागिपरेका थिए, कृष्ण सेन मार्गको नाम मेटाएर अर्को नाउँ प्रस्ताव गर्दिा दाहाल पक्ष अर्थात् पूर्वमाओवादी पृष्ठभूमिका कसैले पनि विरोध नगरेको स्रोतले बताएको छ।

क्रान्तिकारी शक्तिहरूले मात्र होइन, सरकारी पार्टीको भ्रातृ सङ्गठन अनेरास्ववियु दाङले समेत 'सहिद कृष्ण सेन मार्ग' मार्गलाई प्रचलनमा ल्याउन माग गर्दै घोराहीको गुम्राचौक र लमहीको अर्जुनखोलामा बोर्ड राखेको जनाइएको छ। तुलसीपुरमा पनि यस्तै बोर्ड राखिने उक्त सङ्गठनका केन्द्रीय सदस्य सन्तोष पोखेलले बताएको समाचारमा उल्लेख छ। उक्त सङ्गठनका जिल्ला संयोजक जङ्गबहादुर रोकाले भने विज्ञप्ति जारी गरी २४ घन्टाभित्र जिल्लासभाको निर्णय सच्याउन जिल्ला समन्वय समितिसँग माग गरेको समाचारमा उल्लेख छ। तर दाहाल समूहबाट भने यसबारे केही प्रतिक्रिया आएको छैन। कृष्ण सेन मार्ग नाम हटाएर गोरक्ष मार्ग नाम प्रस्ताव गर्नेमासांसद अमरबहादुर डाँगी रहेको पनि समाचारमा जनाइएको छ।

राजमार्गको नयाँ नामकरण गर्ने निर्णयसभामा प्रमुख अतिथि सत्ताधारी पार्टीका नेतासमेत रहेका मुख्यमन्त्री शङ्कर पोखेल रहेको जनाइएको छ।

# लगानीका नाममा भारतको मनपरी

भारतले नेपालको सूक्ष्म अध्ययन गरिरहेको छ र त्यसका लागि उसले विकास र सामाजिक सहयोगका नाममा देश कुनाकुनासम्म आफ्ना गुप्तचरहरूलाई खटाउने गरेको छ। कहीं सैनिक पोसकमै बर्दीधारीहरू नेपाल प्रवेश गरेर नेपाली भूमि हस्तक्षेप गरिरहेका छन् भने कहीं विभिन्न सहयोग र अनुदानको बहानामा सादा पोसाकका गुप्तचरहरू नेपाली भूमिमा प्रवेश गरेर नेपालको सूक्ष्म अध्ययन गरिरहेका हुन्छन्। यसका लागि उनीहरूले नेपाली भाषा बोल्ने, नेपालको नागरिकता लिएका भारतीय दलालहरूलाई परिचालन गर्ने गरेका छन्।

नेपालका हरेक क्षेत्रमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएको भारतले भारतीय दूतावासबाट लागू हुने परियोजनाहरूमा पनि मनपरी गर्ने गरेको छ। २०६५ सालदेखि सरकारले साना विकास परियोजना (एसडीपी) कार्यक्रममार्फत सञ्चालन गर्ने परियोजनामा पनि भारतले हस्तक्षेप गरिरहेको छ। यो भारतको पूर्ण अनुदान सहयोगमार्फत सञ्चालित परियोजना हो।

उक्त परियोजना रकम हात पार्नका लागि नेपालका कर्मचारी, सामाजिक अभियन्ता, समाजसेवी, पत्रकार, राजनीतिक दलका नेता-कार्यकर्ताहरू भारतीय दूतावास धाउने गरेका छन्। निर्णयअनुसार एडीबीका ती परियोजनाहरू नेपाल सरकारको तजबिजमा हुनुपर्ने हो तर दूतावासले मनोमानी ढङ्गले छान्ने गरेको छ।

दूतावासले यो वर्ष पनि ६७ वटा साना विकास परियोजनाहरू सञ्चालन गर्ने भएको छ। उसले मनलाग्दी रूपमा आधारभूत भौतिक संरचनाहरू निर्माणमा खर्च गर्ने गरेको छ। यसका लागि उसले नेपाल सरकारसँग औपचारिक अनुमति लिनेबाहेक सबै तजबिज आफैं गरिरहेको बताइन्छ। दूतावासले यस्तो मनलाग्दी काम गर्नु कूटनीतिक मर्यादा र प्रतिष्ठाविपरीत हुने विज्ञहरूको भनाइ छ।

कुनै पनि विदेशी दूतावासले जुन देशमा बस्यो त्यही देशको संविधान र कानुनको अधीनमा रहेर काम गर्नुपर्ने भए पनि भारतले मनपरी ढङ्गले परियोजना सञ्चालन गर्नु नेपाली राष्ट्रियतामाथिको हस्तक्षेप हो। साथै भारतीय दूतावासको रकम खानलाई लाम लाग्नेहरू असली दलाल हुन्।

# ललितलाई बिनासर्त रिहा गर : नेकपा

नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो पार्टीका जिल्ला सदस्य तथा अखिल (क्रान्तिकारी) मकवानपुरका जिल्ला उपाध्यक्ष ललित घलानलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेको छ। जिल्लाको मनहरी ३ स्थित आफ्नै घरबाट साउन २२ गते बेलुका राजनीतिक आस्थाकै आधारमा बिनाकारण गिरफ्तार गरेको भन्दै नेकपाले घोर भर्त्सना गरेको छ।

पार्टीका जिल्ला सेक्रेटरी पासाङद्वारा जारी विज्ञप्तिमा ललितलाई बिनासर्त तत्काल रिहा नगरिए प्रतिरोध सङ्घर्ष सुरु गर्ने चेतावनी दिइएको छ।

पासाङको विज्ञप्तिमा भनिएको छ, 'महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी मकवानपुरका जिल्ला सदस्य तथा अखिल (क्रान्तिकारी) मकवानपुरका जिल्ला उपाध्यक्ष क. ललित घलानलाई मनहरी ३ स्थित आफ्नै घरबाट मिति २०७७ साउन २२ गते बेलुका ६ बजे राजनीतिक आस्थाकै आधारमा बिनाकारण गिरफ्तार गरिएको घटनाप्रति घोर भर्त्सना गर्दछौँ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'कोरोना महामारी र प्राकृतिक विपद्का बेला बाढीपहिरोले जनतामा धनजन र मानवीय क्षतिलाई राहत र व्यवस्थापन गर्नुपर्ने समयमा बिनाकारण हाम्रा नेता-कार्यकर्ता गिरफ्तार गरी दलालहरूले आफ्नो सक्रियता छ भन्ने भ्रम जनतामा उत्पन्न गरेकोप्रति मानवअधिकार, बुद्धिजीवी, पत्रकार, कानुनव्यवसायीहरू र आमजनसमुदायलाई सचेत हुन अनुरोध गर्दछौँ। दलाल सत्ताका सेवक प्रहरीहरूले दिन-प्रतिदिन गिरफ्तारी बढाउँदै जाने हो भने हाम्रो पार्टी जनताको साथमा रही रक्षाका निम्ति प्रतिरोध सङ्घर्षतर्फ जान बाध्य हुने चेतावनी दिन चाहन्छौँ। गिरफ्तार गरिएका क. ललितलाई अविलम्ब रिहाइको माग गर्दछौँ।'

# आस्थाका आधारमा शिक्षकमाथि विभेद नगर्न माग

अखिल नेपाल शिक्षक सङ्गठन जिल्ला समिति चितवनले कोरोना महामारी र बन्दाबन्दीको अवस्था देखाएर विद्यालय व्यवस्थापन समितिहरूले शिक्षकहरूलाई कामबाट हटाएको भन्दै आफ्नो सङ्गठनको ध्यानाकर्षण भएको जनाएको छ।

सङ्गठनका चितवन अध्यक्ष हीरामणि चापागाईंले प्रेस विज्ञप्ति जारी गर्दै शिक्षकहरूलाई कुनै राजनीतिक आग्रह-पूर्वाग्रह नराखी काम गर्न विद्यालयहरूलाई आग्रह गरेको छ।

उक्त विषयमा गाउँपालिका र नगरपालिकाहरूले पनि चासो नदेखाएको भन्दै शिक्षक सङ्गठनले शिक्षकहरूका समस्या समाधानका लागि सबैलाई आग्रह गरेको छ।

बिहीबार जारी सङ्गठनको प्रेस विज्ञप्तिमा चितवनको भरतपुर महानगरपालिकाको स्थानीय राजपत्रमा उल्लेख गरिएको शिक्षक दरबन्दी मिलान र विद्यालय संमायोजन कार्य अगाडि बढाउन आग्रह गरेको छ।

# बुद्धजन्मस्थलबारे भारतले फेरि झिक्यो बखेडा, नेपाल सरकारद्वारा खण्डन

**काठमाडौँ :** भारतमा नक्कली कपिलवस्तु खडा गरेर कपिलवस्तु नाम दुरुपयोग गरेको भारतले बुद्धबारे अर्को विवाद जन्माउने कोसिस गरेपछि नेपालले त्यसको प्रतिवाद गरेको छ। भारतीय विदेशमन्त्री एस जयशङ्करले शनिबार दिल्लीमा आयोजित कार्यक्रममा बुद्धलाई महान् भारतीय भनेपछि नेपाल सरकारले आइतबार आफ्नो आधिकारिक भनाइ सार्वजनिक गर्दै बुद्धको जन्मभूमि बहसको विषय नभएको बताएको छ।

केही समयपहिले नेपाल भ्रमणको बेला यहाँको संसद्लाई सम्बोधन गर्ने बेला बुद्धको जन्मभूमि देश नेपाल भनेका भारतीय प्रधानमन्त्री मोदीले भारतीय लोकसभा चुनावका बेला बुद्धको जन्म भारतको बिहारमा भएको बताएका थिए। नेपालको राज्यसंयन्त्र, राजनीतिक दल, नेपाली भूमिमा समेत लगातार हस्तक्षेप गर्दै आएको भारतले बुद्ध भारतमा जन्मिएका हुन् भनेर नेपालको संस्कृतिमा पनि हस्तक्षेप गर्ने कोसिस गरेको हो।

बुद्ध भारतमा जन्मिएका हुन् भन्ने भारतीय विदेशमन्त्रीको उक्त भनाइ नेपालका प्रधानमन्त्रीले अयोध्या भूमिबारे दिएको अभिव्यक्तिको जवाफमा आएको हुनसक्ने अनुमान गरिएको थियो।

नेपाल सरकारको उक्त जवाफपछि भारतीय विदेश मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै गौतम बुद्ध नेपालमै जन्मिएको भनेर स्पष्टीकरण दिएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले प्रेस विज्ञप्ति जारी गरेर बुद्ध नेपालमा जन्मिएको कुरामा कुनै शङ्का नभएको उल्लेख गरेका छन्।

# उपत्यकाका मजदुर सङ्गठित हुँदै

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घअन्तर्गत रहेको पेसागत सङ्घ अखिल नेपाल क्रान्तिकारी गार्मेन्ट तथा टेक्सटाइल मजदुर सङ्घको ललितपुर जिल्ला समिति गठन भएको समचार प्राप्त भएको छ।

महासङ्घको उपत्यका विशेष क्षेत्रीय समन्वय समितिका संयोजक शिशिर थापाको प्रमुख आतिथ्य एवम् ललितपुर जिल्ला महासङ्घका अध्यक्ष राजकुमार मगर र पेसाका सचिव कुमार घिसिङ, कोषाध्यक्ष टीका घिमिरे अतिथि रहेको उक्त कार्यक्रममा नरबहादुर मगरको संयोजकत्वमा ११ सदस्यीय समिति निर्माण गरिएको जानकारी प्राप्त भएको छ। सङ्गठनका सदस्यहरूमा राजेश महर्जन, प्रमोदलाल कर्ण, लक्ष्मी स्याङ्तान, सुगु तामाङ, घनश्याम भुजेल, प्रकाश अधिकारी, रामबहादुर राजवंशी रहेका छन्।

उक्त कार्यक्रममा क्षेत्रीय समन्वय समितिका संयोजक शिशिर थापाले अहिलेको दलाल सत्ताले मजदुरलाई उत्पीडन गरिरहेकाले त्यसकै भक्त बनी कारखानाका मालिकले आफ्नै मजदुरलाई निष्कासन गरिरहेको र दलाल व्यवसायी र मजदुरविरोधी सरकारसँग एकैसाथ लड्नुपर्ने बताए। त्यसका लागि सम्पूर्ण गार्मेन्ट तथा टेक्सटायलमा काम गर्ने मजदुर सङ्गठित हुनुपर्नेमा उनले जोड दिए।

ललितपुर जिल्ला महासङ्घका तर्फबाट राजकुमार मगरले बोलेका थिए। साथै अखिल नेपाल क्रान्तिकारी गलैँचा मजदुर सङ्घले अन्य पाँचवटा क्रियाशील पेसागत सङ्घसँग कार्यगत एकता गर्दै गलैँचा मजदुरले भोगिरहेको समस्या र कोरना भाइरसका कारण श्रम क्षेत्रमा उत्पन्न सङ्कटबारेमा मुद्दा उठाई पाँचबुँदे मागपत्र पेस गरेको खबर पनि प्राप्त भएको छ। त्यसमा युवराज जिरेल उपप्रमुख रहेको गार्मेन्ट, कार्पेट, टेक्सटायल मजदुर युनियन नेपाल, नेपाल गलैँचा श्रमिक सङ्घका तर्फबाट सोनामसिंह घिसिङ, प्रतिनिधि परिषद् जुगावका तर्फबाट सविरमान विक, नेपाल समाजवादी गलैँचा मजदुर सङ्घबाट मेलोन लामा, अखिल नेपाल क्रान्तिकारी गलैँचा मजदुर सङ्घका तर्फबाट महेश लामाले संयुक्त हस्ताक्षर गरी नेपाल गलैँचा उत्पादक तथा निकासीकर्ता सङ्घ काठमाडौँलाई ज्ञापनपत्र बुझाएको समाचार प्राप्त भएको छ।

# युवा सङ्गठनले दाङमा गऱ्यो वृक्षरोपण

नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपाल दाङको आयोजनामा शान्तिनगर स्थित एक विद्यालय परिसरमा वृक्षरोपण गरिएको छ। शान्तिनगरको जनता आधारभूत विद्यालय भलानेटीमा वृक्षरोपणकार्य सम्पन्न भएको युवा सङ्गठन दाङले जनाएको छ।

नेपाल कम्युनिस्ट पार्टीका नेता निर्मलको प्रमुख आतिथ्य र युवा सङ्गठन नेपाल दाङका अध्यक्ष विराटको अध्यक्षतामा विद्यालयका प्रधानाध्यापकसहित स्थानीय बासिन्दाको उपस्थितिमा वृक्षरोपण सम्पन्न भएको समाचारमा जनाइएको छ।

सोही क्रममा विभिन्न प्रजातिका ५० औं बिरुवा विद्यालयको प्राङ्गणमा रोपिएको छ। त्यसमा अशोकका २५, धुपिसल्लाका १०, कपुर १० र स्वामीका ५ बिरुवा रोपिएको बताइएको छ।

# काठमाडौँमा देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रदर्शन

**काठमाडौँ :** नेकपा (क्रान्तिकारी माओवादी) को देशभक्त जनगणतान्त्रिक मोर्चाले बिहीबार काठमाडौँमा प्रदर्शन गरेको छ। सीमा अतिक्रमणको विवादलाई अन्तर्राष्ट्रियकरण गर्न, राष्ट्रघाती एमसीसी सम्झौताको भन्डाफोर गर्न, कोभिड १९ को उपचारप्रक्रियामा भएको सरकारी उदासीनतालाई लिएर क्रान्तिकारी माओवादीको मोर्चाले प्रदर्शन गरेको हो।

यस्तै देशमा दिनानुदिन बढ्दो महँगी, तस्करी, भ्रष्टाचार, भूमि तथा संस्कृतिमाथिको अतिक्रमण, मजदुर कटौती र मजदुरविरोधी सम्झौता, चौरजहारीमा भएको अमानवीय हत्याकाण्ड र सुकुमबासी बस्तीमा गरिएको आगजनी, लैङ्गिक हिंसा, शैक्षिक क्षेत्रमा मौलाएको निजीकरण र माफियाकरणका विरुद्ध उक्त प्रदर्शन गरिएको मोर्चाले जनाएको छ।

नेकपा (क्रान्तिकारी माओवादी) ३ नम्बर प्रदेश सेक्रेटरी प्रवेशले सञ्चालन गरेको विरोधसभामा क्रान्तिकारी माओवादीका वरिष्ठ नेता सीपी गजुरेल, अखिल नेपाल आदिवासी जनजाति महासङ्घका अध्यक्ष ओम गुरुङ र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका अध्यक्ष ईश्वर तिमिल्सिनाले सम्बोधन गरेका थिए।

# विद्यालय चलाउने सरकार, शुल्क तोक्ने अर्कै

**काठमाडौँ :** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) जिल्ला समिति नवलपुरले EMBOCSनामको संस्थाले सरकारी विद्यालयहरूमा शुल्क तोकेर अङ्ग्रेजी भाषा माध्यमको शिक्षण गर्ने बहानामा जनक शिक्षा सामग्रीको सट्टा निजी पाठ्यपुस्तक प्रकाशन संस्थाबाट मोटो कमिसन लिने र अभिभावकसँग चर्को शुल्क असुल्ने कार्य विगतदेखि गरिरहेको बताएको छ।

क्रान्तिकारीका नवलपुर संयोजक स्वरूपले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै EMBOCS को उक्त घृणित प्रवृत्तिविरुद्ध आफ्नो सङ्गठनले पटकपटक चेतावनी दिँदा पनि अटेर गरेको भन्दै सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको बताएका छन्।

स्वरूपको विज्ञप्तिमा भनिएको छ, 'विभिन्न निकायको संरक्षणमा सञ्चालित यस्ता

# नेकपाद्वारा ललितपुर सदस्य जमिनलाई कारबाही

**काठमाडौँ :** नेपाल कम्युनिस्ट पार्टी ललितपुरले पार्टी सङ्गठनको नीति, सिद्धान्त र हितविपरीत कार्य गरेको भन्दै जिल्ला सदस्य जमिनलाई कारबाही गरिएको जनाएको छ।

नेकपाका ललितपुर सेक्रेटरी विदुषीले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टीभित्र रहेर देश, जनता, स्वाभिमान र स्वतन्त्रताका पक्षमा भन्दा पनि व्यक्तिगत स्वार्थतिर लागेको भन्दै आफ्नो पार्टीका जिल्ला सदस्य जमिनलाई पार्टीको साधारण सदस्य पनि नरहने गरी अनिश्चित कालका लागि निष्कासन गरिएको उल्लेख गरेका छन्। जिल्ला सदस्य जमिनले पार्टीका नाममा व्यक्तिगत आर्थिक लाभ लिने गरेको पनि विज्ञप्तिमा लेखिएको छ।

# वर्गीय दृष्टिकोणकै प्रतिबिम्ब तीज



धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी'

विषय प्रारम्भ

आध्यात्मवादी दृष्टिकोणबाट निर्देशित काल्पनिक कथामा आधारित शासक वर्गीय सत्ता संरक्षणका लागि निर्माण गरिएको संस्कृतिको एउटा रूप हो तीज । सारमा शासकीय सत्ता टिकाइराख्ने उत्पीडित मूल रूपमा महिलामाथि लादिएको शोषणको दमनको हथकण्डा हो यो । सामन्तवादी मान्यताअनुसार महिलालाई दास, खेलौना, बच्चा जन्माउने मेसिन, यौनचाहना पूरा गर्ने उपकरण पितृसत्ताले बनाएको छ । पुँजीवादी मान्यताअनुसार उत्तरआधुनिकतावादी साम्राज्यवादी संस्कृतिले महिला स्वतन्त्रताका नाममा अराजकता, विकृति-विसङ्गती र विशुद्ध माहिलावादी बनाइदिएको छ । हिन्दु धर्ममा आधारित भए पनि तीजको आधुनिकीकरणका नाममा यसलाई अझ बढी मलजल गरेको छ ।

महिलाभित्र पनि धनी र गरिब वर्गका बीचमा अन्तरविरोध चर्कँदै गएको छ । धनी महिलाहरूको लवाइ, खुवाइ, तामझाम, फेसन सो, गहना प्रदर्शन गर्ने, होटेल बुक गरेर विभिन्न परिकारका भोजन, मिष्ठान्न र महँगो रक्सीका बोतलमा रमाउँदै एकअर्कामा चर्को प्रतिस्पर्धा गरेको देखिन्छ । गरिब महिलाहरू यिनीहरूका सामु निरीह र लज्जित महसुस गर्नुपर्ने अवस्था हुँदा ऋण गरेर पनि धनी महिलाको सिको गर्नुपर्ने बाध्यात्मक स्थिति उत्पन्न भएको छ । महिलामा देखिएको यो असमानता वर्गीय अन्तरविरोधकै समाधान हो । त्यसैले वर्गीय सत्ताको समस्या समाधान नगरी बहुसङ्ख्यक उत्पीडित वर्गको समस्या समाधान हुँदैन ।

यसर्थ एक्काईसौँ शताब्दीका युवा, विद्यार्थी, बुद्धिजीवी, शिक्षित महिलाहरूको पहिलो दायित्व दलाल संसदीय पुँजीवादी व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्नु हो । दोस्रो सत्ता परिवर्तनसँगै बहुसङ्ख्यक जनताको मनोभावना सम्बोधन हुने सहज र सरल संस्कार र संस्कृति निर्माण गर्न जरुरी छ । अनि मात्र वास्तविक समानता पैदा हुन्छ । यहाँ तीज के हो ? यसको उत्पत्ति कसरी भयो ? वैज्ञानिक युगका महिलाहरूको भूमिका के हुने भन्नेबारेमा चर्चा गर्न खोजिएको छ ।

हरितालिका तीजको उत्पत्ति

पौराणिक मान्यताअनुसार काल्पनिक कथामा आधारित हरत+हालिकाबाट हरितालिका शब्द बनेको हो । हिन्दी भाषामा हरत भनेको अपहरण र हालिका भनेको संगिनीहरू भन्ने बुझिन्छ । उक्त काल्पनिक कथाका आधारमा परापूर्व कालमा माता गौरीले सतीदेवीको निधनपछि हिमालय पर्वतकी पत्नी मेनकाको गर्भबाट पार्वतीका रूपमा जन्म लिइन् । सानै उमेरदेखि पार्वतीले महादेव पति पाऊँ भनी चिसो समयमा पानीमा उभिएर, गर्मीयाममा अग्निको छेउमा बसेर १२ वर्षसम्म पातपतिङ्गर खाएर कठोर तपस्या गरिन् । उनको यस्तो निष्ठाबाट प्रभावित भई भगवान् विष्णुले पार्वतीका बुबासँग आफूसँग विवाहका लागि मागे र हिमालय धेरै खुसी भएर आफ्नी छोरीलाई सुनाए । पार्वती धेरै दुःखी भइन् । पार्वतीको जीवनमा सङ्कट आयो । बुबाको कुरा नमानौँ जन्म दिने बुबाको अपमान हुने, मानौँ विष्णु मनपरेको छैन । शिवजी पति पाउन त्यत्रो तपस्या गरेको । त्यसैले पार्वती विष्णुसँग विवाह गर्नुभन्दा आफ्नो प्राण त्याग गर्ने निर्णयमा पुगिन् । त्यो कुरा आफ्ना सङ्गीहरूसँग सुनाइन् । तिनका सङ्गीहरूले भदणै महिनाको शुक्ल पक्षको तृतीया तिथिको दिन पार्वतीलाई अपहरणको शैलीमा अनकन्टार जङ्गलमा पुऱ्याँ । त्यहाँ पार्वतीले शिवलिङ्ग बनाएर तपस्या गरिन् । त्यसबाट प्रभावित भई जोगीको भेषमा शिवजी आई बरदान दिए- म तिम्रो पतिका रूपमा आउनेछु । पछि हिमालय पर्वतले बाध्य भएर ज्वाइँ स्वीकार्नुपर्ने अवस्था आयो ।

यो सुन्दा प्रारम्भिक चरणमा पार्वतीले आफ्नो बुबासँग गरेको विद्रोह हो । यसलाई प्रगतिशील कदम नै मान्न सकिन्छ । तर बिस्तारै समाज विकास र विस्तारसँगै सत्ता संरक्षणको साधनमा परिणत हुन पुग्यो ।

कसरी तीज उत्पीडनको साधनमा परिणत भयो ?

समाज विकासको प्रक्रियासँगै मूल रूपमा महिलामा रहेको सहनशीलता र कोमलताको फाइदा उठाएर मातृसत्ताको विघटन गर्दै पितृसत्ताको स्थापना भएको थियो । त्यही सत्ताका शासक वर्गको अधिनायकताको राज्यसत्ता बलियो बनाउन उत्पीडित वर्गमाथि विभिन्न नामका उत्पीडनका स्वरूपहरू खडा गरियो । सांस्कृतिक रङको लेपन लगाएर धर्मको आड लिएर आफ्नो लुटको स्वर्ग टिकाउन महिलामाथि शोषण, दमन र उत्पीडन आवश्यक भएकाले विभिन्न चाडपर्वको सहारा लिएको पाइन्छ । एउटा नमुना हरितालिका तीज पनि हो । यो न कुनै सत्यमा आधारित छ, न त कसैले आफ्नो आँखाले देखेको छ । काल्पनिक कथाका आधारमा महिलहरूमाथि लादिएको शोषणको एउटा रूप हो । हिन्दु धर्मको पौराणिक कथाका अनुसार विवाह नगरेकी कन्या केटीले तीजको व्रत लिए राम्रो पति पाउने, विवाह गरेकी महिलाले व्रत लिँदा श्रीमानूको आयु लामो हुने, त्यसैले पानी नखाएर निराहार व्रत बस्नुपर्ने, तीजको दिन श्रीमानूको खुट्टा धोएर पानी खानुपर्ने मान्यता छ । अर्को पौराणिक कथामा भनिएको छ, 'तीजको व्रतको दिनमा जो महिला सुत्छ त्यो अर्को जन्ममा अजिङ्गर बन्छ । जसले दूध पिउँछ सर्पिनी बन्छ । जो व्रत बस्दैन, त्यो बिधुवा बन्दछ । जसले सखर खान्छ त्यो झिँगा भन्छ । जसले मासु खान्छ त्यो बघिनी बन्छ । जसले पानी पिउँछ त्यो माछा बन्छ । जसले अन्न खान्छ त्यो सुँगुर बन्छ । जसले फलफूल खान्छ त्यो बाख्रा बन्छ । त्यसैले शिव, पार्वती, गणेशको मूर्ति बनाएर पूजाआराधना गर्नुपर्छ भन्ने परम्परागत मान्यता छ ।

तथाकथित हिन्दु धर्म-संस्कृतिमा आधारित सामन्ती पितृसत्तावादी चिन्तनले ग्रसित महिलाहरूमाथि लादिएको उत्पीडनको एउटा हथकण्डा हो । यसले महिला समुदायलाई निम्नतीन वर्गमा विभाजित गरिदिएको छ :

१) हुने खाने वर्ग

यो वर्गका महिलाहरू तीज आउनु एक महिना अगाडिदेखि सुन्दरी हुने, फेसन सो गर्ने, ठूल्ठूला गहनाहरू प्रदशन गर्ने, ठूला होटेल बुक गरेर महँगो रक्सी र विभिन्न परिकारको मिष्ठान्न भोजनमा रमाउने एकअर्कामा चर्को प्रतिस्पर्धा गरेको देखिन्छ ।

२) हुँदा खाने वर्ग

यो वर्गका महिलाहरूले पनि सकिनसकी हुनेखाने वर्गका महिलाको सिको गरिरहेका छन् । यो वर्गका महिलाहरू जता बलिया उतै ढलिया हुन्छन् ।

३) गरिब वर्ग :

यो वर्गका महिलाहरूको पीडा अचानाको पिर खुकुरीलाई थाहा हुँदैन भनेजस्तै, यिनीहरू आफ्नो भाग्यलाई सराप्दै भन्ने गर्छन् :

जता धन त्यतै मन यो मान्छेको जात पनि
मेरो भाग्य यस्तै रैछ छोड्यौ साथ पनि

यस्ता गीत गाउँदै एकअर्कासँग दुःख पोख्दै आँसु झारेर रोइरहेका हुन्छन् । आज महिलाहरूको असमानताको जड नै पितृसत्तावादी वर्गीय राज्यसत्ता नै हो । अब नेपाली महिलाले आफ्नो भाग्यलाई सरापेर बस्ने कि समस्याको पहिचान गरी सङ्घर्षमा उत्रेर आफ्नो अधिकार प्राप्त गर्ने भन्ने प्रश्न नै मुख्य बनेको छ ।

वैज्ञानिक युगका महिलाको दायित्व

युग परिवर्तनका संवाहक अग्रगामी समाज रूपान्तरणको प्रतिनिधित्व गर्ने नेपाली समाजका युवा, विद्यार्थी, बौद्धिक, शिक्षित महिलाहरूले, 'रोम जलिरहेछ, निरो बाँसुरी बजाइरहेछ' झैँ गरेर यथास्थितिमै रुमल्लिनेभन्दा पहिले म को हुँ ? भनेर आफूलाई बुझ्न सक्नुपर्छ । दोस्रो हाम्रो समाजलाई बुझ्नुपर्छ । समाजको प्रधान समस्याको पहिचान गर्न सक्नुपर्छ । तेस्रो समाज बदल्ने सङ्घर्षमा आफूलाई तयार गर्नुपर्छ । 'रूढिवादी परम्परावादी धर्म, संस्कार र संकृतिका सामु लम्पसार पर्नुभन्दा अग्रगामी परिवर्तनको खोज र अनुसन्धानमा सङ्र्घषशील हुनु उत्तम हुन्छ' कमरेड माओले युवाहरूलाई संबोधन गर्दै भन्नुभएको छ, 'युवाहरू हो, तिमी बिहान उदाउँदो सूर्य हौ, हामी अस्ताउँदा सूर्य हौँ । उदाउँदो सूर्यलाई हत्केलाले छेकेर पनि छेकिन्न, रोकेर पनि रोकिन्न । यो संसार तिम्रो पनि हो हाम्रो पनि हो । अन्तिममा त तिमीहरूकै हो ।' त्यसैले हामी युवा विद्यार्थीले समाजका समस्यालाई सिरानी हालेर सुत्नु हुँदैन । उदाउँदो सूयजस्तै तेज दिन सक्नुपर्छ ।

एक्काईसौँ शताब्दीको विज्ञान र प्रविधिको युगमा पनि हाम्रा दिदीबहिनीहरू बलात्कारजस्तो जघन्य अपराधको सिकार भएर हत्या गरिएका छन् । एकजना पुरुषले यौनतृष्णा मेट्न नपाउँदा एसिड प्रहारबाट घायल भएर अस्पतालको शैयामा छट्पटाइरहेका छन् । रोजगारीको बहानामा विदेशका कोठीहरूमा बेचिएका छन् । भ्रष्टाचार, करवृद्धि र महँगीले आमा-दिदीहरूको ढाड भाँचिएको छ । आज पनि रूढिवादी, धार्मिक र अन्धविश्वासको चङ्गुलमा फसेका छन् । कुनै टाढाको कुरा होइन, हाम्रो आँखाअगाडि काला सर्पहरू मडारि इरहेको देखेर पनि हामी वैज्ञानिक युगका महिलाहरू सुतिरहेका छौँ । उठौँ, जागौँ, उदाउँदो सूर्यको किरणलाई अन्यायका विरुद्ध अग्निज्वालामा परिणत गर्दै सुनौलो बिहानीको सपनाका लागि अगाडि बढ्न जरुरी छ । तपाईँ युवा, विद्यार्थीहरू उदाए संसार उदाउनेवाला छ, तपाईंहरू अस्ताए संसार अस्ताउनेवाला छ । त्यसैले, 'विज्ञानको युगमा पनि अत्याचारी फासिवादी कालो शासनको पर्दाभित्र बुझी बुझि बुझ पचाएर बस्नु भनेको जिउँदो लास हुने सिवाय केही होइन ।' परिवर्तनका संवाहक युवा विद्यार्थीहरूले अधिकार प्राप्तिका लागि कर्तव्यको पनि प्रत्यभूति गर्दै अहिलेको मुख्य अन्तरविरोध र भनेको पुँजीवादी संसदीय व्यवस्था र नेपाली जनताबीचको अन्तरविरोध नै हो । यसको समाधानका लागि पुँजीवादी दलाल संसदिय व्यवस्थाको अन्त्य र बैज्ञानिक समाजवादी व्यवस्था स्थापनाले मात्रै समानता, स्वतन्त्रता, स्वधिनता, मुक्ति र परिर्वतन सम्भव छ । यसका लागि आजका युवाहरूले आफूलाई तयार गर्न जरुरी छ ।

## कम्युनिस्ट आन्दोलनका ...

दुई तिहाइ बहुमतमा बनेको कम्युनिस्टको छ । सडकमा पनि एकीकृत जनक्रान्तिको पहल गरिरहेको नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकै प्रक्रियामा छ । कम्युनिस्ट पार्टीमाथि कम्युनिस्ट सरकारले खुला रूपमा प्रतिबन्ध घोषणा गरेको छ । यसको महासचिवलाई 'इन्काउन्टर'का नाममा हत्या गर्ने घोषणा नै गरेका छन् जसरी क. कुमारलाई गरे । हालसम्म क. कुमारसहित क. सुप्रिम, क. महान, क. राजुलगायत ११ जना नेता-कार्यकर्ताको हत्या गरेको छ यो कम्युनिस्टको सरकारले । सचिवालय सदस्य क. सुदर्शन, केन्द्रीय सदस्यहरू वीरजङ्ग, माइला, प्रज्वलन, सुवास, बन्धु, हितमान, आदर्शसहित सयौँजना नेता-कार्यकर्ताहरू जेल र हिरासतमा छन् । हजारौँलाई गिरफ्तारी र यातनापछि आत्मसमर्पण गराएर छाडिएको छ । हजारौँका नाममा दर्जनौँ झूट्टा मुद्दा लगाइएको छ । नेकपालाई आतङ्कवादीको बिल्ला भिराएका छन् । यो सबै सरकारी नेकपाको सरकारले गरेको छ । यसबाट जनतामा नेकपा र कम्युनिस्टहरूमाथि केही भ्रम र केही आशङ्का उत्पन्न भएको छ । अर्कोतिर कम्युनिस्टविरोधीहरूले सरकारी कम्युनिस्टप्रति फर्केर कम्युनिस्टहरू अधिनायकवादी, तानाशाही भनी जनतामा भ्रम दिइरहेका छन् जब कि ती कम्युनिस्ट नै होइनन् । यसरी एकातिर सरकारी नेकपाले सरकारमा बसेर कम्युनिस्टको बदनाम गरिरहेको छ भने अर्कोतिर कम्युनिस्टविरोधीहरूले भ्रम छरिरहेका छन् । राष्ट्रिय रूपमा यी दुवैबाट कम्युनिस्ट पार्टीलाई बचाउनु छ भने अर्को अन्तर्राष्ट्रिय रूपमा पनि अमेरिकी साम्राज्यवादले आन्तरिक आतङ्कवाद भनेर हाम्रो पार्टीको बदनाम गराउन र भ्रम छर्न खोजेको छ । यस्तै कम्युनिस्टहरू दबाउन, किन्न र कम्युनिस्टविरोधी अभियान चलाउन हिन्द-प्रशान्त रणनीति, सहश्राब्दी चुनौती भनेर :ऋऋ परियोजना, धर्मराजनीति (क्रिस्चियानिटी), सङ्घीयता, 'एनजीओ', 'आईएनजीओ' आदि क्रान्ति र कम्युनिस्टहरूका विरुद्धमा ल्याएका छन् । यसको पनि प्रतिवाद गर्नु पर्नेछ । यी राष्ट्रिय र अन्तर्राष्ट्रिय दुस्मनहरूको संयुक्त हमलाको वैचारिक प्रतिरोध हामी कम्युनिस्टहरूको युगीन अभिभारा बनेर आएको छ ।

**१०) हाम्रो संश्लेषण र निचोड**

हाम्रो संश्लेषण र निचोड के छ भने कमरेड माओपछिका दिनहरूमा कम्युनिस्ट आन्दोलनका आन्तरिक पक्षमा केही कमीहरू, केही अपूर्णताका समस्याहरू खड्किएका छन् । यसलाई हल गर्नु हामीले आफ्नो कर्तव्य ठान्यौँ । यो संश्लेषणले हामीलाई दर्शन, विचार, राजनीति, सङ्गठन, कार्यदिशा, संस्कृति, कार्यशैली र जीवनशैली तथा कम्युनिस्ट अर्थदृष्टिकोणका क्षेत्रमा समीक्षा गर्न इतिहासका खासखास घटनाक्रमहरू खोतल्न प्रेरित गऱ्यो । यसबाट हामीले आन्तरिक रूपले कतै न कतै अपूरो, कमी, कमजोरीहरू रहेको र केही पुगेजस्तो अनुभूति गर्‍यौँ । ती प्रचण्ड, किरणसम्म आउँदा पनि दोहोरिए । जनयुद्धबाट धेरैले आशा गरेका थिए तर यसको पनि नियति उस्तै भयो । यसले हामी सबैलाई निकै मर्माहत बनायो । धेरैलाई निराशामा पुऱ्यायो र कतिलाई त आत्मसमर्पण, पलायन र पतनसम्म पुऱ्यायो । तर हामी भने यसको आन्तरिक र बाह्य कारणहरू खोतल्नपट्टि लाग्यौँ । यसले हामीलाई केही गर्नैपर्ने र केही सोच्नैपर्ने ठाउँमा पुऱ्यायो, अझ जिम्मेवारीबोध गर्ने तहमा पुऱ्यायो । यसैले नै प्रचण्ड, किरणहरूबाट पनि अलग्गिनुपर्ने र केही नयाँ खोज र अनुसन्धान गर्नेतिर प्रेरित गऱ्यो । यी सफल र असफल घटनाक्रमहरू र प्रयोगहरूले हामीलाई आठौँ महाधिवेशनसम्म आउन र केही नयाँ विचार संश्लेषण गर्ने ठाउँमा ल्यायो । यसलाई हामीले एउटा अवसर, चुनौती र क्रान्तिको अभिभाराका रूपमा लिएका छौँ । यो काम महासचिव कमरेड विप्लवको नेतृत्वमा मात्र सम्भव भएको हो । उहाँबिना सायद यो गर्न सम्भव थिएन । उहाँकै नेतृत्व, अगुवाइ, बुद्धिमत्ता, साहस र विषयवस्तुलाई ठीक समयमा ठीक ढङ्गले बुझ्ने र उचित निर्णय लिनसक्ने क्षमताका कारण नै यी सबै सम्भव भएको हो । यो पहलकदमी नेपाली क्रान्तिकारी आन्दोलनमा समस्याहरूलाई बेलैमा बुझ्ने, हल गर्ने र चुनौतीहरूको सामना गर्ने महत्वपूर्ण पहलु थियो । यसबाट हामीले प्रतिक्रान्तिको भुमरीमा फसेको माओवादी आन्दोलन र नेपाली क्रान्तिलाई क्रान्तिकारी निकास दिन त सफलै रह्यौँ, खुसीको कुरो त विश्व-कम्युनिस्ट आन्दोलनलाई पनि केही दिन सक्यौँ भन्ने अनुभूति पनि भएको छ । यो हाम्रो क्रान्तिकारी जीवनको एउटा सुखद क्षण पनि बन्न गएको छ ।

अन्त्यमा, उल्लिखित साझा चुनौतीहरूको हल गर्नु अवरुद्ध साम्यवादी क्रान्तिको ढोका खोल्नु हो । आज विश्वभरि चलिरहेका विविध रूपका क्रान्ति र आन्दोलनहरू प्रयोगको प्रक्रियामा छन् । क्रान्ति र प्रतिक्रान्तिलाई सत्ताको छिनाझपटीका रूपमा बुझ्नु उचित हुनेछ । विश्वको पहिलो समाजवादी देश सोभियत सङ्घलाई असफल पार्न पुँजीवादी देशहरू सम्मिलित नाटो समूह अहिले पनि क्रियाशील छ । हिजोआज मात्र लन्डनमा नाटो समूहको भेला भइरहेको छ । यसलाई यसै समूहको फ्रान्सको राष्ट्रपतिले 'ब्रेन डेथ' भएको घोषणा गरे । टर्कीले आफ्नो देशको 'कुर्दिस विद्रोही' हरूलाई दबाउन नाटोको प्रयोग हुने भए मात्र सहभागी हुने प्रतिक्रिया दिए । यसले पनि के स्पष्ट गर्दछ भने पुँजीवादी शिविर अब 'ब्रेनडेथ' भएको अर्थात् मिति सकिएको औषधिजस्तो अवस्थामा पुगिसकेको उनीहरूकै अभिव्यक्तिले पुष्टि गर्दछ । साँच्चै नै पुँजीवादको 'ब्रेनडेथ' भएको छ र मृत घोषणा गर्न बाँकी छ । यसै अभिव्यक्तिले नै पुँजीवादी 'थिङ्कट्याङ्क'हरू बौलाएका छन् । साम्राज्यवाद बौलाएको छ र सबैलाई जथाभाबी टोक्दै हिँडेको छ । यसले साम्यवादी सत्ताको उज्ज्वल भविष्यलाई इङ्गित गरेको छ । एउटा नेपाली उखान छ- 'बौलाहा कुकुरलाई पानीमा पसेको बेला हान्नुपर्छ ।' अहिले साम्राज्यवाद बौलाएको छ र पानीमा पसेको छ । यही बेला चौतर्फी हमला गरौँ । कम्युनिस्टहरूको 'एकीकृत हमला' आजको आवश्यकता हो । क्रान्ति र प्रतिक्रान्ति यहीँ कतै लुकामारी खेलिरहेका छन् । यो खेलमा अन्तिम जित कम्युनिस्टहरूको हो र अन्तिममा संसार क्रान्तिकारीहरूको हो । यो अन्तिम युद्ध हो । यो जित सुनिश्चित बनाउने एकीकृत कार्यभार र अभिभारा क्रान्तिकारी कम्युनिस्टहरूको हो ।




**क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु :**

- शरीरमा गिर्खा, गाँठागुठीहरू देखिनु ।
- कोठी र मुसाहरूको रंग बदलिनु वा आकार बढ्दै जानु ।
- लामो समय सम्म खोकी निको नहुने घाउ हुनु ।
- खाना निल्न गाह्रो हुनु,स्वर परिर्वतन वा धोद्रो हुनु ।
- खकारमा रगत देखा पर्नु वा लामो समय सम्म खोकी निको नहुनु ।
- लामो समय सम्म गोटा पर्नु,पातलो दिसा हुनु,दिसामा रगत देखिनु ।
- महिनावारी नभएको वेलामा रगत देखिनु, महिनावारी रोकिएका महिलाहरुको पुनः रक्तस्राव हुनु वा सहवास पछि रक्तस्राव हुनु ।
- स्तनमा गाँठागुठीहरू देखिनु,मुन्टोवाट रगत मिसिएको दुध आउनु वा मुन्टो दबिनु ।
- छोटो समयमै शरीरको वजन घटनु,रक्तअल्पता देखिनु,ज्वरो आईरहनु ।
- नाक,मुख र शरीरका अन्य छिद्रहरु ( इचाष्अभक) बाट रगत आउनु ।
- धेरै दिन सम्म टाउको दुखिरहनु,बान्ता हुनु,रिगंटा लाग्नु,आँखा धमिलो देखिनु वा कम्पन (मृगी) आउनु ।

**क्यान्सरबाट जोगिने उपायहरु :**

- चुरोट,बिंडी,खैनी,सुर्ती,जाँड,रक्सी र लागु पर्दाथ सेवन नगर्ने ।
- बासी,सडेगलेको र ढुसी परेको खानाहरू नखाने ।
- पोलेर डढेको मासु र अन्य खानेकुराहरू नखाने ।
- अखाद्य रंग प्रयोग गरिएका खानेकुराहरु नखाने ।
- चिल्लो बोसोयुक्त खानेकुराहरू र धेरै नुन नखाने ।
- धुलो,धुवाँ तथा वातावरणीय प्रदुषणबाट जोगिने ।
- आफ्नो गुप्ताङ्ग सधै सफा राख्ने ।
- मौसम अनुसारको हरियो सागपात,तरकारी र फलफूल दिनहुँ खाने ।
- महिलाहरूले आफ्नो गर्भाशय स्राव परीक्षण (एबउ कभबच र ीद्यत्रऋ) गर्ने ।
- स्तनमा गिर्खा,गाँठागुठी पलाएको छ-छैन प्रत्येक महिना आफैले राम्ररी छामेर हेर्ने र फेला परेमा स्वास्थ्यकर्मीहरुसंग परामर्श लिने ।
- नियमित शारीरिक व्यायाम गर्ने,अनावश्यक मोटोपन घटाउने ।

**समयमै उपचार गरे धरैजसो क्यान्सर निको हुन्छ ।**

वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल
भरतपुर, चितवन

## जग्गा प्राप्त ...

तर सरकारले सम्पूर्ण नीति, निर्देशन र नियमावलीविपरीत इनरुवादेखि काँकडभिट्टासम्म रेलमार्गका लागि टेन्डर आह्वान गरेको छ। सरकारले पूर्व-पश्चिम विद्युतीय रेलमार्गको काँकडभिट्टा-इनरुवाखण्डमा लिक हाल्नुभन्दा पहिलेको सडक खोल्नका लागि लागि २८ अर्बको ठेक्का प्रक्रिया अघि बढाएको छ। एक सय ६ किलोमिटर लामो यो सडक निर्माण गर्न आवश्यक ६ सय तीन बिघा जमिन भने प्राप्त गर्न बाँकी नै छ। यसरी जग्गा निश्चित नहुँदै रेलका नाममा २८ अर्बको टेन्डर ठेक्का दिने, कमिसन कुम्ल्याउने षड्यन्त्र भएको भन्दै विज्ञहरूले यसले अर्थतन्त्रमा ठूलो घाटा लाग्ने चेतावनी दिएका छन्।

गत असारमा उक्त टेन्डर आह्वान गरिएको थियो । विभागले हतारमा थालेको ठेक्काप्रक्रिया महालेखापरीक्षकको प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन र अर्थ मन्त्रालयले चालू आर्थिक वर्षका लागि जारी गरेको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनविपरीत पनि हुन जान्छ।

सरकारले भने समयको बचतका लागि यसो गरिएको दाबी गरे पनि जग्गा प्राप्ति र खरिदप्रक्रिया एकैचोटि सुरु गर्दा गर्दा ठेक्का लागिसक्दा पनि जग्गा प्राप्त नभएको अवस्थामा आयोजनाको काममा गम्भीर असर त पर्दछ नै, ठेकेदार कम्पनीले क्षतिपूर्ति दाबी गरेमा राज्यलाई आर्थिक नोक्सान हुनसक्छ तर सरकारले भने समय बचतका लागि एकैपटक सुरु गरिएको बताएको छ। यता निर्माण व्यवसायीहरूले भने सत्ता र शक्तिको दबाबमा टेन्डर आह्वान गरिएको भन्दै केही ठेकेदारको एकाधिकार र मिलोमतो हुने गरी मापदण्ड, अनुभव राखेर आह्वान गरिएको बताएका छन् । जग्गा प्राप्त नभई ठेक्का लगाउनु गम्भीर कमजोरी भएको महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदनमा उल्लेख छ।

## मेडिकल माफियाका ...

समिति र चितवन मेडिकल कलेजका सम्पूर्ण विद्यार्थी तथा काठमाडौँ विश्वविद्यालय परिवारका तर्फबाट विज्ञप्ति जारी गर्दै कोरोना महामारीको समयमा व्यापार-व्यवसाय गरिरहेका थुप्रै व्यवसायीहरूले पनि आफ्ना व्यावसायिक समूहहरूलाई भुक्तानी छूट दिइरहेको अवस्थामा मेडिकल कलेजका मालिकहरूलाई शिक्षाका नाममा विद्यार्थीलाई लेट फि भन्दै फेरि अर्को रकम नमाग्न चेतावनी पनि दिएका छन्।

चन्द र भट्टद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'चिकित्सा शिक्षामा भएको विकृति, दलाली, भ्रष्टाचार र माफियागिरीका विरुद्ध सङ्घर्षरत विद्यार्थी र अभिभावकहरूको साझा सङ्घर्ष समिति चिकित्सा शिक्षा सङ्घर्ष समितिले लामो समयदेखि विभिन्न सङ्घर्षहरू गर्दै आएको र धेरै विद्यार्थीहरूबाट मेडिकल माफियाहरूले असुल्दै आएको अतिरिक्त शुल्कको पीडाबाट राहत पाएको विषय तपाईं-हाम्रासामु स्पष्ट नै छ। विश्व कोरोना भाइरस (कोभिड १९) बाट थलिएको छ भने नेपालजस्तो विकासोन्मुख देशको आर्थिक, शैक्षिक र सामाजिक पक्ष निकै भयावह भएको छ। यस्तो महामारीका क्रममा आफ्नो ज्यानको, परिवारको परबाह नगरी अहोरात्र बिरामीको सेवामा खटिने चिकित्सा क्षेत्रका डाक्टर, नर्स, प्रयोगशाला, फार्मेसी र अन्य पारामेडिक्स सहकर्मी एवम् अग्रजहरूलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछौँ साथै थप हौसला प्रदान गर्दछौँ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यस महामारीको विषम परिस्थितिमा पनि मेडिकल कलेजका माफियाहरूले अनावश्यक ढङ्गले विभिन्न शुल्कहरू (बेड शुल्क, ल्याब शुल्क, ओ.पी.डी. शुल्क) चरम रूपमा बढाएको तर अस्पतालमा कार्यरत कर्मचारीलाई कुनै सेवा, तलब, भत्तामा वृद्धि नगरेको साथै कोरोना सङ्क्रमित बिरामी अस्पतालमा आउँदा अन्य बिरामीको सङ्ख्या घट्ने र भनेजति पैसा कमाउन नपाउने भन्ने मनस्थितिले गर्दा कोरोना सङ्क्रमित बिरामीले केही मेडिकल कलेजमा मृत्युवरण गर्नुपरेको घटना हाम्रो अगाडि छ। यतिले मात्र नपुगेर मेडिकल कलेजका मालिकहरूले यस्तो आर्थिक जटिल परिस्थितिमा विद्यार्थीहरू र अभिभावकहरूलाई फोन गरी पैसा माग्ने र धम्की दिनेजस्ता घृणित कार्यप्रति हाम्रो सङ्घर्ष समितिको गम्भीर ध्यानाकर्षण भएको छ। प्रथमतः सबै विद्यार्थी, सङ्काय र वर्षका विद्यार्थीहरूको अतिरिक्त शुल्क समायोजन गरेको विषयलाई सूचना वा सम्झौतामार्फत जानकारी गराई चोरी गरेजसरी हैन, नैतिकतासहित विश्वविद्यालय वा डिनको कार्यालयले तोकेको आधिकारिक शुल्क बुझाउनका निम्ति अनुरोध गर्नका लागि अपिल गर्दछौँ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'व्यापार-व्यवसाय गरिरहेका थुप्रै व्यवसायीहरूले पनि आफ्ना व्यावसायिक समूहहरूलाई भुक्तानी छूट दिइरहेको अवस्थामा मेडिकल कलेजका मालिकहरूसँग शिक्षाका नाममा विद्यार्थीलाई लेट फिका नाममा फेरि अर्को रकम नमाग्न पनि चेतावनी दिन चाहन्छौँ। मेडिकल कलेजका मालिकहरूलाई चेतना होस्, विद्यार्थीमाथि हुने हरकिसिमका दमन, ज्यादतीका विरुद्ध हरकिसिमका सङ्घर्ष र जस्तोसुकै कदम उठाउन हाम्रो सङ्घर्ष समिति बाध्य हुनेछ। स्वास्थ्य विज्ञले कोरोनाबाट जोगिन र जोगाउनका निम्ति मास्क लगाउने र २ मिटरको भौतिक दूरी कायम गर्ने सुझावलाई अनुशासनपूर्वक पालना गर्न पनि सबै विद्यार्थी, अभिभावक, युवा र सम्पूर्ण जनतामा अपिल गर्दछौँ।'

## राष्ट्रिय मानवअधिकार ...

माओवादी नेता-कार्यकर्ताहरू, शान्तिवार्ता चल्दाकै बखत रामेछापको दोरम्बामा तत्कालीन शाही नेपाली सेनाद्वारा गरिएका माओवादी नेता-कार्यकर्ताहरूको सामूहिक, क्रूर र पाशविक हत्या, रौतहटको गौरमा भएको माओवादी नेता-कार्यकर्ताहरूको सामूहिक हत्या र राज्यका तर्फबाट भएका मानवअधिकारविरोधी हर्कतको निरन्तर ढाकछोप गर्दै आएका छन्। एमालेको मुखपत्र मानिने बुधबार साप्ताहिकको सम्पादक रहिसकेका र केही समयअघि प्रधानमन्त्री केपी वलीको प्रेस सल्लाहकारबाट हटाइएका कुन्दन अर्याल निज प्याकुरेलका आफ्नै भान्जा हुन्। अर्याल पनि सोही एनजीओका हर्ताकर्ता हुन्। उनी हाल आरआर क्याम्पसमा प्राध्यापन गर्छन्। उक्त एनजीओका अर्का हर्ताकर्ता नेकपा एमालेको महाधिवेशनमा उम्मेदवार भएका, उद्योग विभागका सदस्य रहेका र तत्कालीन नेकपा (एमाले) का तर्फबाट १ नं. प्रदेशसभा सदस्य रहेको समाचारमा जनाइएको छ।

अग्नि सापकोटा सभामुख चयन भएलगत्तै राष्ट्रपतिको सल्लाहकारबाट एक्कासि राजीनामा दिएका सुशील प्याकुरेल अमेरिकी खुफिया एजेन्सी सीआईएको नजिक रहेको स्रोतको दाबी छ। त्यसैको अनुदानमा चल्ने गैरसरकारी संस्थाका रूपमा सञ्चालन हुँदै आएको एनजीओ इन्सेक प्याकुरेल दाजुभाइहरूको पारिवारिक संस्था रहेको र त्यसको कार्यसमितिमा हालसम्म पनि सुशील, सुबोध प्याकुरेल दाजुभाइ र भान्जाभान्जीहरूका साथै उनीहरूका विश्वासपात्रहरू मात्र रहिआएको समाचारस्रोतको दाबी छ।

मानवअधिकारका क्षेत्रमा क्रियाशील रहेको भनिने उक्त एनजीओले जिल्लाजिल्लामा रहेका शाखामार्फत एमालेभित्रकै अनुदार पक्षका कार्यकर्ताहरूलाई सदरमुकाममा मानवअधिकारसम्बन्धी तालिम र गोष्ठीका नाममा नियमित तलबभत्ता ख्वाउँदै आएको पनि प्राप्त समाचारमा उल्लेख छ।

राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष यसअघि सर्वोच्च अदालतको प्रधानन्यायाधीशबाट सेवानिवृत्तहरूमध्येबाटै नियुक्त गरिँदै आएकोमा २०७२ सालमा जारी भएको संविधानमा मानवअधिकारका क्षेत्रमा लामो अनुभव भएका जोकोहीलाई पनि नियुक्त गर्न सकिने प्रावधानमा टेकेर एनजीओकर्मीहरूलाई घुसाउन खोजिएको स्रोतको दाबी छ। तत्कालीन एमालेका बफादार कार्यकर्ता, शान्तिप्रक्रियाका विरोधी, युद्ध भड्काउन उद्यत सुशील प्याकुरेललाई राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्व सुम्पिएपछिको मानवधिकारको अवस्था र राष्ट्रिय मानवअधिकार आयोगको छवि झन् दयनीय र धुमिल हुने निश्चित रहेको मानवअधिकारका क्षेत्रमा क्रियाशील व्यक्तिहरू बताउँछन्।

राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र आमूल परिवर्तनका पक्षधरहरूप्रति सदैव अनुदार र असहिष्णु रहँदै आएका सुशील प्याकुरेलले तटस्थ रहेर आयोगको नेतृत्व गर्न नसक्ने कुरा उनको विगतले देखाइसककेको बताउँछन् आयोगकै नेतृत्वमा रहिसककेका एकजना पूर्वआयुक्त। प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रमुख प्रतिपक्षी दलका नेता र प्रतिनिधिसभाका उपसभामुख सदस्य रहेको ६ सदस्यीय संवैधानिक परिषद्को निर्णयले आयोगको अध्यक्ष नियुक्त गर्ने कानुनी प्रावधान छ।

## दलाल पुँजीवाद ...

सार्वजनिक खरिद ऐनका प्रावधानमा टेकेर मजदुर खरिदबिक्री गर्ने, सप्लायर्स कम्पनीहरूबाट श्रमिक खरिद गर्नेजस्ता गैरजिम्मेवारी काम गर्दैछन्। श्रम ऐन २०७४ तथा श्रम नियमावली २०७५ को धज्जी उडाउँदै नेपालको संविधानको धारा २९६ उपधारा (१) बमोजिम व्यवस्थापिका संसद्ले निर्माण गरेको श्रम ऐन र संविधान २०७२ को मौलिक हकअन्तर्गतको धारा ३३ र ३४ ले दिएको श्रम अभ्यासको अधिकार र रोजगारीको हकसम्बन्धी अधिकारलाईसम्म कुण्ठित तुल्याउँदै नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा दर्ता भई मजदुरहरूको माझमा सक्रिय क्रान्तिकारी मजदुर सङ्गठनलाई अवैधानिक करार गर्दै आफैँले बनाएका कानुन सरकार आफैँले कुल्चिँदैछ। यस्तो बेला हाम्रो महासङ्घमा आस्था राख्ने सबै पेसागत घटकहरूले कुशल नेतृत्वको विकास गर्न आवश्यक छ। मजदुरको माझमा निःस्वार्थ र निर्भीक ढङ्गबाट लाग्न र पेसाका अग्रपङ्क्तिको नेतृव पूर्णकालिन भई श्रमिकका बीचमा समर्पित भई काम गर्न जरुरी छ। यसै दिशामा महासङ्घले कठोर निर्णय गरी अगाडि बढ्नेछ। अनावश्यक चिन्ता र चासो गर्नुभन्दा पनि उद्देश्य प्राप्त गर्ने दिशामा हामी चुकिरहेका त छैनौँ ? त्यतातिर ध्यान दिन जरुरी छ।

मजदुर सङ्गठन बुर्जुवाको जस्तो स्वतन्त्र सङ्गठन हुनै सक्तैन। यो त विचारद्वारा निर्देशित अग्रभागीय मोर्चा हो। त्यसकारण मजदुरका नेता तथा कार्यकर्ताले कानुनी राज्यको उपहास गर्नेहरूसँग टक्कर गर्नुपर्दछ। लेनिनले भन्नुभएझैँ मजदुर वर्गले आफ्नो उद्देश्य प्राप्तिका लागि आफ्नो वर्गलाई सङ्गठित गर्नु र आन्दोलित हुनु, ट्रेड युनियन उद्देश्यलाई नयाँ जीवन दिनु लाखौँ-करोडौँलाई तालिम दिनु हो। देशैभरि अहिले मजदुरविरोधि गतिविधिहरू भैराखेका छन् र विशेषगरी उपत्यकामा झन्डै ६० लाख जनसङ्ख्याको जनघनत्व रहेको छ। हामीले कोसिस गर्दा ६० सय श्रमिक सडकमा उतार्न सक्छौँ त ? यसले नै भावी योजनाका लागि मार्ग तय गर्दछ।

## ठूलाबडाहरुकै वरिपरी ...

पीएसओमा कोरोना सङ्क्रमण पोजिटिभ देखिएको छ। पीएसओमा कोरोना देखिएपछि सरकारी नेकपाका महासचिव पौडेल आइसोलेसनमा बसेका छन्। उता प्रधामन्त्री केपी वली पनि कोरोना सङ्क्रमित व्यक्तिको क्लोज कन्ट्याकमा बसेको भेटिएपछि प्रधानमन्त्री कार्यालयमा कार्यरतहरूलाई पनि परीक्षण गरिएको थियो। यस्तै सरकारी नेकपाका अध्यक्ष पुष्पकमल दाहाल, गृहमन्त्री रामबहादुर थापा पनि कोरोना सङ्क्रमितसँग क्लोज कन्ट्याक्टमा रहेको भन्दै पीसीआर परीक्षण गरिएको जनाइएको छ। यसअघि प्रदेश ५, प्रदेश ६ र प्रदेश २ मा पनि मन्त्री र सांसदमा कोरोना सङ्क्रमण देखिइसकेको छ।

यस्तै सामाजिक सम्पर्कमा सबैभन्दा बढी रहने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरू पनि कोरोनाको उच्च जोखिममा रहेका छन्। पर्सा, काठमाडौँ, स्याङ्जालगायत जिल्लाहरूका सुरक्षाकर्मीहरूमा कोरोना सङ्क्रमण देखिएको छ। मङ्गलबार मात्र पर्सामा ९ जना प्रहरीमा कोरोना सङ्क्रमण भएको छ।

यसअघि नेपालमा कोराना भाइरस प्रवेशको सुरुआती चरणमा रहेको बेला सरकारले प्रभावकारी कदम चाल्न नसकेका कारण कोरोना निकै छोटो समयमा देशैभरि फैलिएको हो। सरकारले कोरोना नियन्त्रणका लागि जम्मा भएको रकम पनि स्वास्थ्य अधिकारीहरूकै संलग्नतामा हिनामिना भएको भन्दै उक्त रकमको खोजी र संलग्नमाथि कारबाही गर्न जनस्तरबाटै आवाज उठेको छ।

कोरानाले वर्तमान विश्वमा मानवसभ्यतामै निकै ठूलो चुनौती दिइरहेको बेला विश्व स्वास्थ्य सङ्गठनले भने कोरोना पूर्ण निर्मूल पार्नसक्ने भ्याक्सिन बन्न नसक्ने भन्दै आवश्यक स्वास्थ्य सावधानी अपनाउन आग्रह गरिसकेको छ। त्यसो नगरिएमा मानवसमुदायले अकल्पनीय क्षति बेहोर्नसक्ने चेतावनी पनि विश्व स्वास्थ्य सङ्गठनले दिँदै आएको छ।

## बारले भन्यो ...

तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवेश र प्रभावलाई नियन्त्रण गर्न पनि बारले माग गरेको छ।

त्यस्तै न्याय क्षेत्रभित्रका विसङ्गति-विकृति, बिचौलिया र भ्रष्टाचार नियन्त्रण गर्न नेपाल बार एसोसिएसनको प्रतिनिधिसमेत सम्मिलित विशेष संयन्त्र गठन गर्न पनि बारले माग गरेको छ।

## नेकपाद्वारा सहिद लखन ...

जीवनसँगिनी कलावती केसी, सहिद लखनका भाइ नरसिंह ओलीलगायतको आतिथ्यमा सम्पन्न भएको हो। उक्त कार्यक्रमको सञ्चालन नेकपा परिवर्तन गाउँ समिति सदस्य बलप्रसाद बुढाले गरेका थिए।

प्रमुख अतिथि मानवले दलाल संसदीय व्यवस्था असफल भैसकेकाले वैज्ञानिक समाजवाद अहिलेको अनिवार्य आवश्यकता भएको र वैज्ञानिक समाजवाद प्राप्त गर्न सबै एक हुनुपर्ने बताए। उनले आफ्नो पार्टीले जनयुद्धमा बलिदान गर्ने सहिदहरूको योगदानलाई कहिल्यै नभुल्ने र सहिदका सपना पूरा गर्न आफूहरूले पुनः क्रान्तिको झन्डा बोकिरहेको पनि बताए। आफूहरूले जनयुद्धका मुद्दा पूरा गर्नुपर्छ भनेर आवाज उठाउँदा केपी वली सरकारले प्रतिबन्ध लगाएर पार्टीका नेता-कार्यकर्तालाई बिनाकारण गिरफ्तार गर्ने, झूट्टा मुद्दा लगाएर जेल, हिरासतमा राख्ने काम गरेर राज्यआतङ्क मच्चाइरहेकाले सबै श्रमजीवी जनतालाई एक हुन अपिल गरे।

उनले अहिलेको केपी वली सरकारले विकास निर्माण, न्याय, सुशासन कायम गर्नेतिरभन्दा पनि भ्रष्टाचार, लुटपाटमा व्यस्त भएकाले जनताको आवश्यकताअनुसार आफूहरू विकास निर्माणका कार्यमा पनि लागिरहेको बताए। सहिद लखनको योगदानलाई स्मरण गर्न र उनको सम्मानस्वरूप यो चौतारी निर्माण गरिएको बताए।

कार्यक्रमका अतिथि परिवर्तन गाउँपालिका वडा नं ३ का अध्यक्ष झिपिराम डाँगीले यो संसदीय व्यवस्थाबाट विकास निर्माणका काम जनचाहनाअनुसार नभएको र वैज्ञानिक समाजवाद आवश्यक रहेको औँल्याउँदै विद्रोही नेपाल कम्युनिस्ट पार्टीले स्थानीय सत्ताले गर्न नसकेको काम गरेर धेरै राम्रो काम गरेको बताए। सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएर गलत गरेको बताए। स्थानीय स्तरमा भ्रष्टाचार अत्यधिक बढेको उनको भनाइ थियो।

सहिद लखनका बुबा कमलप्रसाद ओलीले नेपाल कम्युनिस्ट पार्टीले आफ्नो छोराको सम्झनामा चौतारो बनाइदिएर सम्मान गर्दा आफूलाई ज्यादै गर्व लागेको बताए। नेकपालाई सहिदका अधुरा सपनाहरू जसरी पनि पूरा गर्न उनले आग्रह गरे।

२०३४ साल असार ७ गते साबिकको इरिबाङ गाविसको हाइबाङमा जन्मिभएका लखन क्षेत्रीको २०६१ साल मङ्सिर १ गते धादिङको कृष्णभीर भिडन्तमा सहादत भएको थियो।

## देश कोरोनाले ...

गरेरै सक्ने बाटोमा लागिरहेको छ।

यसैबीच सरकारले नेकपाका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने, घरहरूमा खानतलासी गर्ने, झूट्टा मुद्दा लगाउने कार्य जारी राखेको छ। नेकपाका विभिन्न तहका नेता-कार्यकर्ताहरूलाई विभिन्न झूट्टा मुद्दामा फसाएर सक्ने उद्देश्य लिएको सरकारले जेल र हिरासतमा रहेका नेकपाका नेता-कार्यकर्ताहरूका घरहरूमा पनि पक्राउ पुर्जी टाँस्ने गरिरहेको छ।

सरकारले हाल नख्खु कारागारमा रहेका नेकपाका सचिवालय सदस्य तथा तत्कालीन मध्य केन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश वली 'सुदर्शन' को रुकुमस्थित घरमा अहिलेसम्म ४ वटा पक्राउ पुर्जी पठाइसकेको छ। हालै मात्र सरबमरले नेकपाका केन्द्रीय सदस्य तथा धौलागिरि ब्युरो इन्चार्ज ध्रुव घिमिरे 'विप्लव' को म्याग्दीको बेनी नगरपालिका वडा नं. २ ज्यारुककोटमा रहेको घरमा पक्राउ पुर्जी टाँस गरेको छ। म्याग्दी जिल्ला अदालतद्वारा जारी उक्त पुर्जीमा सार्वजनिक भौतिक संरचना विनास गरेको मुद्दा लगाइएको छ।

यस्तै नेकपाका पूर्वकेन्द्रीय सदस्य चन्द्रबहादुर खड्का 'असल' को सल्यान ढाकाढममा रहेको घरमा पनि हालै पक्राउ पुर्जी टाँस गरिएको छ। प्रहरीले पटकपटक पक्राउ पुर्जी पठाउने र दुःख दिने गरेको उनको परिवारका सदस्यहरूले बताएका छन्। यसैगरी नेकपा प्युठानका पूर्वइन्चार्ज चिन्तामणि घिमिरेको बाँकेस्थित घरमा पनि प्रहरीले पक्राउ पुर्जी टाँसेको घिमिरेको परिवारका सदस्यले जनाएका छन्। यसरी कयौँको घरमा सरकारले पुर्जी टाँसेर आतङ्कित पार्ने प्रयत्न गरिरहेको छ।

कोरोना महामारी र बाढीपहिरोले प्रभावित जनतालाई राहत, उद्धार तथा व्यपस्थापनका क्षेत्रमा सरकार उदासीन देखिएको छ तर फरक राजनीतिक आस्थाका आधारमा देशमा भैरहेको बेथिति, हत्या, हिंसा र भ्रष्टाचारका विरुद्ध अभियान सञ्चालन गरेको विद्रोही नेकपाका नेता-कार्यकर्तालाई सरकारले खुला राजनीतिक गतिविधिमा समेत प्रतिबन्ध लगाएर आफ्नो फासिवादी चरित्र उदाङ्गो पारेको छ।

# लेबनानमा विस्फोटपछि प्रधानमन्त्रीले दिए राजीनामा

लेबनानको बेइरुतमा गत मङ्गलबार २ सयजनाभन्दा बढीको ज्यान जाने गरी भएको विस्फोटपछि लेबनानमा प्रदर्शनहरू बढिरहेका बेला प्रधानमन्त्री हसन दियाबले राजीनामा दिएका छन्।

सोमबार साँझ राष्ट्रिय टेलिभिजनमार्फत सम्बोधन गर्दै प्रधानमन्त्री दियाबले राजीनामा दिएका हुन्। बेइरुतस्थित बन्दरगाहमा असुरक्षित रूपमा राखिएको २,७५० टन अमोनिअम नाइट्रेटका कारण उक्त विस्फोट भएको थियो।

गत मङ्गलबार बेइरुतमा भएको उक्त विस्फोटमा परेर निधन हुनेको सङ्ख्या २२० पुगेको छ। अझै पनि त्यहाँ सयौँ मानिसहरू हराइरहेका छन्। घटनामा परी झन्डै ६ हजार मानिस घाइते भएका छन्। विस्फोटका कारण लेबनानमा करिब तीन अर्ब डलरको नोक्सान भएको अनुमान गरिएको छ।

यूकेस्थित सेफिल्ड विश्वविद्यालयका विशेषज्ञहरूले बेइरुत विस्फोटको शक्ति दोस्रो विश्वयुद्धका बेला जापानको हिरोसिमामा खसालिएको अणु बमको शक्तिसँग तुलना गर्दा त्यो १० भागको एक भाग रहेको अनुमान गरेका छन्।

# भारतमा विमान दुर्घटना, पाइलटसहित १७ जना मरे

भारतको केरला राज्यमा शुक्रबार साँझ एयर इन्डियाको विमान दुर्घटना हुँदा दुईजना चालक दलका सदस्यसहित १७ जनाको मृत्यु भएको छ। चालक दलका ६ सदस्यसहित दुबईबाट १८४ जना यात्रु लिएर आएको एयर इन्डिया एक्सप्रेसको ब्ह्य १३४४ बोइङ विमान दुर्घटना हुँदा १७ जना मारिएका हुन्। विमानमा १० बालबालिका पनि थिए।

उक्त विमान केरलाको कोझिकोड विमानस्थलमा अवतरणका क्रममा शुक्रबार साँझ नेपाली समयअनुसार ७:४५ बजे दुर्घटना हुँदा १५ यात्रुका साथै दुई पाइलटको पनि मृत्यु भएको बीबीसीले जनाएको छ।

दुर्घटनामा १७३ जना घाइते भएका छन्। त्यसमध्ये २५ यात्रुको अवस्था चिन्ताजनक रहेको बताइएको छ।

भीषण पानी परिरहेको अवस्थामा अवतरणका क्रममा रनवेमा चिप्लिएर विमान दुर्घटना भएको हो। दुर्घटनापछि विमान दुई टुक्रा भएको छ। दुई टुक्रा भए पनि विमानमा आगो भने लागेको थिएन।

# प्रशान्तलाई बिनासर्त तत्काल रिहा गर : नेकपा काभ्रे

**काठमाडौँ** : नेकपाका काभ्रेले विज्ञप्ति जारी गरी यही २२ गते जिल्लाको रोशी गाउँपालिका ५ बाट पार्टीका काभ्रे जिल्ला सदस्य प्रशान्तलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै खेद तथा भर्त्सना गरेको छ। प्रशान्तलाई तत्काल बिनासर्त तत्काल रिहा गर्न पनि विज्ञप्तिमा माग गरिएको छ।

पार्टी सेक्रेटरी प्रकाशले जारी गरेको विज्ञप्तिमा निर्दोष कार्यकर्ताको रिहाइका लागि पहल गरिदिन कानुन व्यवसायी, सञ्चारकर्मी, मानवअधिकारकर्मीलगायतलाई आग्रह गरिएको छ।

प्रकाशको विज्ञप्तिमा भनिएको छ, 'राज्यको यस किसिमको गिरफ्तारी, हत्या र दमन स्वयम् सामाजिक फासिवादी केपी वली सरकारलाई नै भारी पर्दै जानेछ। हेक्का रहोस्, सत्ताको फासिस्ट र दमनकारी यी दिनहरू सधैँ तिम्रो अनुकूल रहिरहने छैनन्।'

# विद्यालय चलाउने सरकार, शुल्क तोक्ने अर्कै

**काठमाडौँ** : अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) जिल्ला समिति नवलपुरले EMBOCSनामको संस्थाले सरकारी विद्यालयहरूमा शुल्क तोकेर अङ्ग्रेजी भाषा माध्यमको शिक्षण गर्ने बहानामा जनक शिक्षा सामग्रीको सट्टा निजी पाठ्यपुस्तक प्रकाशन संस्थाबाट मोटो कमिसन लिने र अभिभावकसँग चर्को शुल्क असुल्ने कार्य विगतदेखि गरिरहेको बताएको छ।

क्रान्तिकारीका नवलपुर संयोजक स्वरूपले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै EMBOCS को उक्त घृणित प्रवृत्तिविरुद्ध आफ्नो सङ्गठनले पटकपटक चेतावनी दिँदा पनि अटेर गरेको भन्दै सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको बताएका छन्।

स्वरूपको विज्ञप्तिमा भनिएको छ, 'विभिन्न निकायको संरक्षणमा सञ्चालित यस्ता निकायविरुद्ध हाम्रो सङ्गठन सङ्घर्ष गर्न बाध्य हुनेछ। साथै सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी, पत्रकार तथा सरोकारवालाहरूसामु यस्ता निकायका विरुद्ध उभिन आह्वान गर्दछ। हाम्रो चेतावनीलाई बेवास्ता गर्दै यस्तो कार्य जारी राखेमा यसबाट उत्पन्न हुने परिणामको जिम्मेवारी सम्बन्धित निकाय नै हुनेछ।'

# लगानी बोर्डका सीईओ भट्टलाई झड्का



■ **रातो खबर संवाददाता**/काठमाडौँ

राज्यको सम्पत्ति क्षति पुऱ्याउने काम गरेका र एक नम्बर बिचौलिया भनेर चिनिएका सुशील भट्टलाई लगानी बोर्डको सीईओमा नियुक्त गरेपछि उनीविरुद्ध पाटन अदालतमा रिट निवेदन पेस भएको छ । प्रधानमन्त्री तथा सत्ताधारी नेकपाका नेताहरूलाई प्रभावमा पारेर लगानी बोर्डको कार्यकारी अधिकार हत्याएका तिनै भट्टको योग्यता नपुग्ने दाबीसहित उच्च अदालत पाटनमा रिट निवेदन पेस भएको हो ।

अधिवक्ता जयबहादुर भुजेलले लगानी बोर्डको सीईओ हुनका लागि भट्टको योग्यता नपुग्ने दाबीसहित आइतबार निवेदन पेस गरेका हुन् ।

उक्त रिट निवेदनमा स्वच्छ छवि भएका, योग्यता पुगेका र अनुभवी व्यक्तिलाई नियुक्त गर्न र भट्टको नियुक्ति बदर गर्न माग गरिएको छ । हालै सरकारले बोर्डको प्रमुखमा नियुक्त गरेका भट्टमाथि विभिन्न ठेक्काहरू अलपत्र पारेको र राज्यलाई ठूलो घाटा लगाएको आरोप छ । तिनै बिचौलियालाई लगानी बोर्ड हात लगाएको भन्दै सरकारी कदमको चौतर्फी आलोचना भएको थियो ।

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**रामेछाप नगरपालिकाको कार्यालय**
रामेछाप




## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**मन्थली नगरपालिकाको कार्यालय**
रामेछाप

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**तारकेश्वर नगरपालिकाको कार्यालय**
काठमाडौं

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ